सृष्टिर्जाता महेशानि तयोरंशसमुद्भवा ।
अविनाशी सदा स्थायी शंभुश्च प्रकृतिस्तथा ।।
आद्यन्तरहिता पूर्णा चिद्घनात्मस्वरूपिणी ।। ता. ७

जो आदि नारायण हो उही परशंभु हो । त्यसलाई निर्गुण ब्रह्म प्रतिपादन गरिएको छ । बृहत् हुनाले ब्रह्म मानिएको छ । हे देवि शुद्ध स्फटिक झैं भएको श्री आदि मध्य अन्त नभएको गुणातीत महोज्ज्वल प्रकृति छ ।

शिव र शक्तिको बीचमा जो प्रतिबिम्ब छ त्यसलाई अर्द्धनारीश्वर भनिन्छ । प्रतिबिम्ब माया हो । त्यही माया लिई ब्रह्मा महेश्वर विष्णु ईश्वर इत्यादि लोकपालहरू ती दुइको (अर्द्धनारीश्वरको) अंशबाट सृष्टि भए । शंभु अविनाशी सदा स्थायी छन् एवं आदि अन्त नभएको पूर्ण चिद्घनात्मस्वरूप भएको प्रकृति छ । ता. ७

तेजःपुञ्जमिदं देवि ब्रह्मरूपं सनातनम् ।
तेजःपुञ्जादेकभूतं जगदेतच्चराचरम् ।।
एकैव कुण्डली देवी स्वेच्छया गुणिता भवेत् ।
कुण्डलीशिवयोरैक्यं यस्मिन् काले प्रजायते ।।
विज्ञानं तु तदेव स्यात्तयोरैक्यं महेश्वरि ।
ब्रह्मानन्दो महाकालः पूर्णब्रह्म सनातनः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानरूपं तद्ब्रह्म खण्डाखण्डविवर्जितम् ।
मध्ये त्वासनसंस्थानं महासमरसात्मकम् ।। ता. ८

हे देवि यो तेज:पुन्ज सनातन ब्रह्मरूप छ । तेज:पुन्जबाट यो चराचर जगत् एक भएको छ ।

एउटै कुण्डली देवी आफ्नो इच्छाले बढ्दछ। कुण्डली र शिवको ऐक्य जुन वखत हुन्छ हे महेश्वरि ती दुवैको ऐक्य विज्ञान हो । ब्रह्मानन्द, महाकाल, पूर्णब्रह्म, सनातन, खण्ड र अखण्डले रहित विज्ञानरूप त्यो ब्रह्म छ । शिव र कुण्डलीको बीचमा महासमरसस्वरूप आसनसंस्थान छ । ता. ८

सामरस्यरसो ब्रह्म स एवात्मा प्रकीर्तितः ।
आनन्दान्मादनादात्मा ज्ञानात्मपरमात्मवित् ।
विज्ञानात्मा भवेद्देवि सकृज्जीवस्य दर्शकः ।। उ. ११

हेदेवि ज्ञानात्मार परमात्माजान्ने आनन्दमा मस्तहुन्छ ।
विज्ञानात्मा भएको मानिस जीवात्माको दर्शक हुन्छ । उ ११

अथवा सकलं ध्यायेत्तेज:पुन्जनिभं शिवे ।
एकीभूतं चैतन्यतेजः सदा ध्यायेन्महेश्वरि ।। सु. ६।२२८

हे देवि ज्ञानात्मा र परमात्मा जान्ने जीव आनन्दमा लट्ठिनाले जीवलाई ज्ञान गराउने विज्ञानात्मा हुन्छ । अथवा हेशिवे तेज:पुन्ज जस्तो एक भएको चैतन्यतेज सधैं ध्यान गर्नू । सु. ६।२२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमदूर्मिकौलार्णवतन्त्रम्

अदृश्यं परमं तत्वं सर्वकारणकारणम् ।
तद्वेत्ति दिव्ययोगेन तस्मिन्दृष्टे शिवः स्वयम् ।।
स्थूला विश्वतनुर्देवि सूक्ष्मा चिन्मात्ररूपिणी ।
परा नित्योदिता शान्ता ब्रह्मसत्ता स्वरूपिणी ।।
आत्मा कैवल्यरूपं तु सर्वदिक्कालभासकम् ।
नित्योदितं सर्वमयं सर्वव्यापकमेवच ।।
सर्वात्मा सुप्रबुद्धश्च नित्यानन्दः सदोदितः ।
एकः स एव विश्वात्मा जीवभूतः प्रकाशकः ।।
शिवशक्त्यात्मविभवं शिवशक्तिलयोद्भवम् ।
निस्तत्त्वतत्त्वगहनं शाश्वतं तु निरन्जनम् ।। प्र. अ.

सबै कारणको पनि कारण अदृश्य परमतत्त्व दिव्ययोगले जानिन्छ । त्यो परमतत्त्वको दर्शन भएपछि स्वयं शिव हुन्छ ।

हे देवि ! विश्वतनु स्थूलस्वरूप हो । चिन्मात्ररूप सूक्ष्मतनु हो । नित्य उदित शान्त ब्रह्मसत्तास्वरूप परा हो ।

आत्मा कैवल्यरूप सबै दिक्काल प्रकाशक छ । सर्वमय र सर्वव्यापक पनि छ ।

सबैमा रहेको आत्मा प्रबुद्ध छ । नित्य आनन्दस्वरूप छ । सधैं उदाइराखेको हुन्छ । एक नै त्यो आत्मा विश्वको आत्मा छ । जीवभूत छ प्रकाशक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिव र शक्तिको ऐश्वर्य, शिव र शक्तिको लयबाट पैदा भएको, निस्तत्त्व भएको पनि तत्त्वले गहन भएको शाश्वत निरञ्जन ब्रह्म छ। प्र. अ.

कौलरहस्यम्

परब्रह्मे च प्रकृतिः प्रतिबिम्बस्वरूपिणी। १।३२

परब्रह्ममा प्रकृति प्रतिबिम्बस्वरूपले रहेको छ। १।३२

निर्वाणं च महेशानि परं ब्रह्मात्मता मता। प. २४

हे महेशानि ! निर्वाण (मोक्ष) परब्रह्म हो। प. २४

महानिर्वाणतन्त्रम्

सदैकरूपश्चिन्मात्रो विकारपरिवर्जितः।१४।१३०।।

आत्मा सधैं एकरूप विकार नभएको चित्स्वरूप छ।१४।१३०।।

ज्ञानमात्मैव चिद्रूपो ज्ञेयमात्मैव चिन्मयः।
विज्ञाता स्वयमेवात्मा यो जानाति स आत्मवित्।। १४।१३९

ज्ञान स्वरूप नै चिद्रूप छ। चिद्रूप आत्मा नै ज्ञेय छ। जान्ने पनि स्वयं आत्मा नै छ भनी जसले विचार गर्छ त्यो आत्म चिन्ने हुन्छ।१४।१३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचूडामणितन्त्रम्

ब्रह्मोऽहं स्फुरत (स्फुरित) प्रभम् ७।८०॥

उज्वल तेज भएको म ब्रह्म छु। ७।८०॥

श्रीकालीविलासतन्त्रम्

निर्गुणस्त्वं हि सगुणः कार्यकारणतत्परः। २४।१६॥

निर्गुण तिमी कार्यकारणमा लाग्दा सगुण भयौ। २४।१६॥

गन्धर्वतन्त्रम्

ब्रह्मचिन्तोद्भवानन्दनिवृत्तबाह्यचित्तता। ३४।८७॥

ब्रह्मको पैदा भएको ध्यानद्वारा आनन्दले बाहिरी विषयमा चित्त नजानु अमृतका गुण हुन्। ३४।८७॥

स्वबोधे नान्यबोधेच्छा बोधरूपस्य चात्मनः। ३९।२९॥

ज्ञानस्वरूप आत्माको ज्ञान भएपछि साधकलाई अरु ज्ञानको इच्छा हुँदैन। ३९।२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यत्प्रकाशात्मकं सर्वं तत्वं केवलतां गतम् ।
विमर्शावनिसंप्राप्तमित्येषा तात्विकी स्थितिः ।। ४१।५२

विचाररूपी भूमिका (सप्तभूमिका) वैराग्यपूर्वक इच्छा शुभेच्छा हो । शास्त्र, सज्जनसम्बन्ध तथा वैराग्यको अभ्यासपूर्वक सदा चारमा लाग्नु विचारणा हो । विचारणा र शुभेच्छाले इद्रियका विषयमा थोरै अनुरक्त हुनु तनुमानसी हो । यी तीनको अभ्यासले शुद्धचित्त हुनु सत्त्वापत्ति हो । यी चारको अभ्यासले कुनै पनि फल-सित सम्बन्ध नराख्नु असंसक्ति हो । यी पाँचको अभ्यासले स्वात्मामा रमाई भित्री र बाहिरी पदार्थको अभ्यासले भेदभाव नगरी स्वात्म मात्रको चिन्तन गर्नु तूर्यगा हो । यी सातलाई ज्ञानभूमि भन्दछन् । यी ज्ञानभूमिद्वारा थाहा पाइने प्रकाशस्वरूप, सर्वरूप, सत्य, निरञ्जन ब्रह्म छ । यो सत्य स्थिति हो । ४१।५२

कालोत्तरमहातन्त्रम्

कारणेच्छाप्रवृत्तित्वात्परस्तस्मान्महेश्वरः । प. २७

कारणको इच्छाले हुने प्रवृत्तिदेखि महेश्वर अलग छ । प. २७

संविद्रूपात्मकं विद्धि क्रियाकालविवर्जितम् । प. ६१

(उपमा नभएको आभासशून्य, प्रमाणबाट थाहा नपाइने) क्रिया कालरहित ब्रह्मलाई ज्ञानस्वरूप जान प. ६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालानलतन्त्रम्

तत्रैकैव समाराध्या चिच्छक्तिर्ब्रह्मरूपिणी ।
निर्गुणैतन्नामवाच्यानिरूप्याव्यक्तसंभवा ॥ प. १

निर्गुण, यस्तो हो भन्न नसकिने अव्यक्त एक ब्रह्मरूपिणी चित्शक्तिको आराधना गर्नू । प. १

सच्चिदानन्दरूपोहमात्मानमिति चिन्तयेत् । प. १०

आफूलाई म सच्चिदानन्दरूप हुँ भन्ने विचार गर्नू । प. १०

अकुलवीरतन्त्रम्

भावाभावविनिर्मुक्त उदयास्तमवर्जितः ।
स्वभावमतिमतं शान्तं मनो यस्य मनोमयम् ॥ १।१४

सत् र असत्बाट मुक्त, उदय र अस्त न भएका स्वप्रकाशबुद्धिले मानिएको, शान्त मनस्वरूप मनजस्को छ त्यसलाई अकुलवीर भन्दछन् १।१४

कौलमार्गे द्वयोः सन्ति कृतका सहजा तथा ।
कुण्डली कृतका ज्ञेया सहजा समरसे स्थिता ॥ २।४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कौलमार्गमा कृतक र सहजा यी दुई छन् । कृतक कुण्डलिनी हो । समरस (ब्रह्म) मा रहेको सहजा हो । २।४३

पदव्यञ्जननिर्मुक्तं विमलं सततोदितम् ।
तल्लीने तन्मयात्मानं विन्दते शाश्वतं पदम् ।। २।७३

पद र व्यञ्जन (बुझिने अर्थ) ले रहित, स्वच्छ, संधै प्रकाश स्वरूप अकुलवीर छ । त्यो अकुलवीरमा लीन भएपछि आफै अकुलवीर-मय भई नित्य मोक्षपद पाउँछ । २।७३

चिन्तातीतं भवेत् सोहि योगसंयोगवर्जितम् ।
निर्वाणं वासनाहीनं तृप्तात्मा च निरामयः ।। २।७४

अकुलवीरमा लीन भएको मानिस योग र संयोग न भएको वासना रहित, चिताइ नसकिने निर्वाण (मोक्ष) पाउँ छ । तृप्तात्मा र निरामय पनि हुन्छ । २।७४

कुलानन्दतन्त्रम्

अभावं भावयेद्देवि सर्वभावविवर्जितम् ।
चित्तं तत्र स्थितं कृत्वा खमध्ये विनियोजयेत् ।। ५७

हेदेवि सबै भाव न भएको निरञ्जन ब्रह्मको भावना गर्नु र त्यसमा चित्त दृढ गरी शून्यमा लगाउनू । ५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावयेत् समरसं देवि प्रभुभृत्यं विचक्षणः । ५८॥

हेदेवि विद्वान्ले समरस ब्रह्मको भावना गर्नू । ५८॥

शारदातिलकम्

निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः ।
निर्गुणः प्रकृतेरन्यः सगुणः सकलः स्मृतः ॥ १।६

सनातन शिव सगुण र निर्गुणको भेदले दुई किसिमको छ। (साङ्ख्यमतमा सत्त्वरजतमको साम्यावस्था प्रकृति हो । यसलाई प्रधान पनि भन्दछन् यही प्रकृतिलाई वेदान्तको मतमा अविद्या, शक्तितन्त्रको मतमा शक्ति भन्दछन्) निर्गुण प्रकृति देखि अलग् छ सगुण प्रकृति सहित छ । १।६

श्रीप्रपञ्चसारतन्त्रम्

चित्तात्मैक्यधृतस्य प्राणस्य स्यात्संहृतिः स्थानात् ।
प्रत्याहारो ज्ञेयश्चैतन्ययुतस्य सम्यगनिलस्य ॥ १९।२१

चित्त र आत्माको एकताले धारण गरेको चैतन्य युक्त प्राणवायुको स्थानवाट राम्ररी संहार गर्नु प्रत्याहार हो । १९।२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तामात्रं शुद्धं नित्यमपि
निरञ्जनञ्च यत्प्रोक्तम् । १६।२३।।
तत्प्रविचिन्त्य च तस्मि
श्चित्तलयः स्यात्समाधिरुद्दिष्टः । १६।२४।।

सत्तामात्र, शुद्ध, नित्य निरञ्जन जो ब्रह्म छ त्यो पर ब्रह्मको चिन्तना गरी त्यसैमा चित्त लयगर्नु समाधि हो । १६।२३।।

रुद्रयामलम्

चिच्छक्तौ परमात्मानं भावयित्वा पुनः पुनः ।।२६।४२।।
आत्ममग्नं तत्र पदे कृत्वा चिन्तामणिं भजेत् ।२६।४३।।

चित्शक्तिमा परमात्मालाई वार–वार भावना गरेर त्यो पदमा चित्त डुवाई चिन्तामणि (चिताएको दिने) को सेवा गर्नू । २६।४२।।–२६।४३।।

ब्रह्मयामलम्

योऽसावचिन्त्यमित्याहुः शिवः परमकारणः ।
निःसंज्ञो निर्विकारश्च व्यापी शान्तस्तथैव च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निराचारपदावस्थः संज्ञामात्रः प्रभुः परः ।
तस्यापरो ज्योतिरूपः सर्वानुग्रहकारकः ।
व्यापी हृद्व्यक्तरूपी च अनेनस्को महात्मनः ।
तस्य शक्तिर्महादेवि स्वभावोत्था अकृत्रिमा ।
ज्योत्स्नारूपः स्वरूपेण स्फाटिकस्येव रश्मयः ।
तस्येच्छानिर्गताशक्तिर्ज्ञानरूपा मनोन्मनी ।
प्रवर्तते निराभासा अवधूतेति सा स्मृता ।
प्रबोधयति सानन्तबिन्दुनादौ क्षणेन तु ।
कुण्डलाकृतिसंस्थाना स्वनादौ संव्यवस्थिता ।
समस्तां सृजते देवि शिवेच्छावशवर्तिनी । प. १

यो परम कारण शिव अचिन्त्य छ । त्यो शिव नामरहित विकार-शून्य, व्यापी शान्त स्वभाव भएको, वृत्तिले शून्यपदमा रहेको पूर्ण ज्ञान परप्रभू छ । ती महात्मा शिवको सबैलाई अनुग्रह गर्ने, व्यापी, हृदयमा व्यक्त रूपभएको उपाधिरहित अर्को ज्योति छ । हेमहादेवि तिन्को अकृत्रिम (वनावटी नभएको) स्वभाववाटै पैदा भएको तेजोरूप शक्ति स्फटिकको किरण तुल्य छ । तिनको इच्छाबाट पैदाभएको ज्ञानरूप, चित्तप्रकाशकशक्ति निराभास भई प्रवृत्त भएमा अवधूता भनिन्छ । त्यो अवधूता शक्तिले विन्दूलाई र नादलाई क्षणैमा प्रवोध गराउँछ । कुण्डलाकृति भई आफ्नो नादमा त्यो अवधूता रहन्छ । हेदेवि अनि शिवको इच्छाको वशमा रही सवै जगत् सृष्टिगर्छ । प. १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उन्मनं धलयं यावत्शून्यरूपं विचिन्तयेत् । प. ८

वृत्तिरहितमनभई (मनमा कुनै वृत्ति प्रवेश गर्ननदिई) बुद्धिको लय नभएसम्म शून्यरूपको चिन्तनगर्नू । प. ८

कौलज्ञाननिर्णय:

शिवमध्ये गता शक्तिः क्रियामध्ये स्थितः शिवः ।
ज्ञानमध्ये क्रिया लीना क्रिया लीयति इच्छया ।। २।६

शिवको मध्यमा शक्ति छ । क्रियाको वीचमा शिव छन् । ज्ञानमा क्रिया लीनहुन्छ । इच्छाले क्रिया लीनहुन्छ । २।६

इच्छाशक्तिर्लयं याति यत्र तेजः परः शिवः । २।७।।

जहाँ पर तेजस्वरूप शिव छ त्यहाँ इच्छाशक्ति लयहुन्छ । २।७।।

स्वातन्त्रमब्जमचलं सर्वव्यापि निरञ्जनम् । ३।९।

ब्रह्म स्वतन्त्र चन्द्रजस्तोस्वच्छ, सर्वव्यापी, अचल, निरञ्जन छ । ३।९।।

तस्येच्छया भवेत् सृष्टिर्लयं तत्रैव गच्छति । ३।१०।।

त्यो ब्रह्मको इच्छाले सृष्टिहुन्छ र त्यही ब्रह्ममा लय हुन्छ ३।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्डमण्डलं रूपं निर्विकारं सनिष्कलम् । ३।११॥

अखण्ड (परिपूर्ण) मण्डलरूप, विकाररहित, कलाशून्य ब्रह्म छ । ३।११॥

ताराहस्यम्

न वस्तु प्रकृतिश्चैव न पुमान् परमेश्वरः ।
तयोः समरसं ज्ञानं वस्तुतत्त्वं महेश्वरः ॥
उभयोः समवायस्तु वस्तुतत्त्वं परं पदम् ।
ज्ञप्तिज्ञेयविभागेन ज्ञायतां भैरवेश्वरः ॥ प. १२

प्रकृति पनि वस्तु होइन पुमान् (पुरुष) परमेश्वर पनि वस्तु होइन । ती दुइको समरस ज्ञान महेश्वर वस्तुतत्त्व हो । दुइको समवाय (समूह) परमपद वस्तुतत्त्वज्ञान र ज्ञेयको विभागले भैरवेश्वर जान्नू । प. १२

परातन्त्रम् (परमार्थः)

एक एव पराशक्तिर्बहुभेदप्रकाशिनी ।
नित्या निरंशा सा देवी ब्रह्मसत्यप्रकाशिनी ॥
शक्तौ सर्वसमुत्पन्नं यत्किञ्चिज्जगत्यां जगत् ।
तस्माच्छुद्धमशुद्धं वा शक्तिब्रह्मस्वरूपकम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा ब्रह्म विजानीहि भ्रान्तिज्ञानं परित्यजेत् ।
ज्ञानमेव परं तन्त्रं तस्माज्ज्ञानं समाश्रयेत् ॥
ज्ञानमार्गेण सकलं विकल्पं परिवर्जयेत् ।
सर्वभूतेषु विज्ञानं ज्ञातव्यं देशिकोत्तमैः ॥
ब्रह्मानन्दमयं ज्ञानं परं ब्रह्ममयो भवेत् ॥
एवं सच्चिन्मयं ज्ञानं समता सर्वजन्तुषु ॥

एउटै परा शक्तिले नानाकिसिमको भेद प्रकाश गर्दछ । ती देवी नित्य, अंशशून्य, ब्रह्मको सत्य प्रकाश गर्दछिन् जगत्मा जे जतिछन् ती सवै शक्तिमा उत्पन्नभएका छन् । त्यसकारण शुद्ध वा अशुद्ध शक्ति ब्रह्मस्वरूप छ । आत्मालाई ब्रह्म जान्नू । भ्रान्ति ज्ञान छोड्नू । ज्ञान नै परतन्त्र हो त्यसहेतु ज्ञानको आश्रय गर्नू । ज्ञानमार्गद्वारा सवै विकल्पलाई छाड्नू । सवै प्राणिमा विद्वान्हरूले विज्ञान जान्नू । ज्ञान ब्रह्मानन्दमय छ यसकारण परब्रह्ममय हुनू ।यस्तो सच्चिन्मय ज्ञानले सवप्राणिमा समता हुन्छ ।

ज्ञानकारिका

संसारार्णवनिर्मुक्तं कल्पनातीतगोचरम् ।
निर्विकल्पं सदा ज्ञानं कथितं ज्ञानकारिकम् ॥ २।१६

संसाररूपीसमुद्रबाट मुक्त कल्पनाको विषय न भएको निर्विकल्प ज्ञानलाई ज्ञानकारिका भन्दछन् । २।१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरारहस्यम्

यतः सर्वं चितिमनुभाति सा तु स्वतन्त्रतः । ४।१००।।

सवै चितिको पछि लाग्छन् (चितिद्वारा सवै प्रकाशहुन्छन्) ४।१००।।

चितिर्विचित्रान्यभावैरुपरक्तापि भासिनी ।
स्वरूपादप्रच्युतैवाऽऽदर्शवल्लेशतोपि हि ।। ११६२

विचित्र अरु भावले रंगिएको पनि भासमानमात्र रूपभएको चिति (ज्ञान) अर्काको प्रतिबिम्ब ग्रहणगर्ने ऐना झैं स्वच्छ छ । अलिकति पनि स्वरूपवाट प्रच्युत छैन। ११।६२

चितिः स्वातन्त्र्य हेतुः स्यात् प्रतिबिम्बो हि जागतः ।११।६४।।

चिति स्वतन्त्रताको कारण हो । प्रतिबिम्ब जगत् हो । ११।६४।।

सङ्कल्प एव स्वातन्त्र्यं चितेरुच्छूनमीर्यते ।
असङ्कल्पदशायां सा चितिः स्वच्छैकरूपिणी ।। ११।६६

संकल्पावस्थामा चितिको स्वतन्त्रता बढ्दछ । संकल्प नभएको अवस्थामा चिति स्वच्छरूप हुन्छ । ११।६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टौ वा प्रलये वाऽपि निर्विकल्पैव सा चितिः ।
प्रतिविम्बस्य भावे वाऽप्यभावे वैव दर्पणः ।। १४।५७

प्रतिविम्ब भएमा वा नभएमा ऐना स्वच्छ रहे झैं सृष्टिमा र प्रलयमा पनि चिति निर्विकल्पै रहन्छ । १४।५७

संवेदनं सत्यमेकं संवेद्यं तत्र कल्पितम् । १५।४।।

ज्ञान सत्य एक छ । त्यो ज्ञानमा ज्ञेय कल्पना गरिन्छ । ऐंनामा प्रतिबिम्ब झैं ज्ञानमा ज्ञेय कल्पना मिथ्या ज्ञान हो । १५।४।।

भानशक्तिर्भास्यहीना सर्वभानसमाश्रया । १६।१५।।

(घटज्ञानमा दुइ अंश छन्– घट र ज्ञान । त्यसमा घट प्रकाश्य र ज्ञान प्रकाशक छ) विषयभेदले वा पुरुष भेदले जुन भिन्न झैं अवभासमान हुन्छन् ती सबैको आश्रय भएको (अर्थात् सर्वभान स्वरूपले सर्वभानको आश्रय भएको) यस्तो हो भन्न नसकिने त्यही प्रकाश मात्र स्वरूपभएको ज्ञानलाई भानशक्ति भन्दछन् । १६।१५।।

प्रत्यावृत्तं मनः शुद्धं निजरूपावभासकम् । १६।३३।।

विषयदेखि अलगभएको मनमा नै आफ्नो स्वरूप प्रकाश हुन्छ । १६।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तदा न वेद बाह्यं वाऽप्यांतरं वा क्षणं नरः।
तिष्ठेन्न निद्रयाऽऽक्रान्तः स समाधिरुदीरितः ॥ १७।५

व्यवहार कालमा बाह्य अथवा आन्तरिक सुख दुःखादि जुन मानिसलाई थाहा हुदैन र निद्राले पनि दबाउदैन भने त्यो अवस्था लाई क्षणसमाधि भनिन्छ। १७।५

अनस्तमितभारूपोऽहं सुपूर्णो निरञ्जनः ।१७।१०५॥
म नअस्ताउने प्रकाशरूप पूर्ण निरञ्जन छु। १७।१०५॥

निर्विकल्पाख्यविज्ञानं ज्ञानमात्रं निजं वपुः ।१७।११०॥

मेरो स्वरूप निर्विकल्पनाम भएको विज्ञान र ज्ञान मात्र छ। १७।११०॥

मनसा वेद्यते वेद्यं मनसोऽतो न वेद्यता। १८।३॥

सवै वेद्य (जानिने) पदार्थ मनले नै जानिन्छ भन्ने प्रसिद्धि छ, यसकारण (मनको स्वरूपलाई अरुले बुझाउन नसकिने हुनाले) मन वेद्य हुदैन। १८।३॥

तन्मनो वेद्यनिर्मुक्तं वित्तिरित्यभिधीयते। १८।४॥

त्यस्तो वेद्यदेखि निर्मुक्त भएको मनलाई वित्ति भन्दछन्। अर्थात् वेद्यले निर्मुक्त भएको मन नै शुद्ध आत्मतत्त्व हो। १८।४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्धिस्वरूपत्वाद्विदितैव सा सदा । १८।५॥

स्वप्रकाश बोधरूप हुनाले त्यो वित्ति (आत्मा-द्रष्टा) जान्नेछ । १८।५॥

चितिस्वरूपः स्वात्मैव तत्तद्भावात्मना सदा । १८।४०॥
भासते स्वाच्छन्द्यशक्त्या नाधिकं विद्यते क्वचित् । १८।४१॥

त्यो त्यो दृश्य भावस्वरूपले चितिस्वरूपआफ्नोआत्मा नै आफ्नो स्वच्छन्दशक्तिले प्रकाश हुन्छ । यसकारण स्वरूपदेखि अरु कहीं केही पनि छैन । १८।४०॥
४१॥

एवं पूर्णस्वरूपायाः पूर्णं यत्स्फुरणं स्थितम् । १८।६६॥

यसरी पूर्णस्वरूपभएको चितिको पूर्णस्वरूप स्फुरण हो । १८।६६॥

तदेव स्वात्मविश्रान्तिः पूर्णाहन्ता च कथ्यते ।
अखण्डैकरसं ह्येतदेतावद्राम वै भवेत् ॥ १८।६७

त्यही नै स्वात्मविश्रान्ति र पूर्णाहन्ता भनिन्छ । चिति र पूर्णाहन्ता यी दुई अखण्डैकरस हुन् । १८।६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निरूपणे बहुविधमिव तत् प्रतिभासते ।
एतावदेव स्वातन्त्र्यं यतः शक्तिर्हि तन्मयी ।। १८।६८

आपाततः हेर्दा त्यो अखण्डैकरस-चित् धेरै किसिमको जस्तो भान पर्दछ तर अखण्डैकरस स्वतन्त्र छ । पूर्णाहन्ता र स्वातन्त्र्य पनि शक्ति नै हो । त्यो शक्ति पनि अखण्डैकरसमय छ । १८।६८

चला चितिर्मनोनाम्नी निश्चलात्मस्वरूपिणी । १८।११७।।

मन नाम गरेको चल चिति हो । आत्मस्वरूप निश्चल चिति हो । १८।११७।।

ज्ञानन्त्वेकविधं स्वात्ममात्रभानात्मकं ननु । १९।३।।

स्वात्ममात्र भानस्वरूप भएको ज्ञान एकै किसिमको छ । १९।३।।

चैतन्यमेव विज्ञानं तत् सदा स्वप्रकाशकम् । १९।९।।

चैतन्य नै विज्ञान हो त्यो सधै स्वप्रकाशक छ । १९।९।।

वेद्यहीना भवेद्वित्तिर्बाधितस्य विभासनात् ।
अमनस्कस्य सुतरां यतः सा चोन्मनी दशा । १९।११९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाधितको भान परेको हुनाले वित्ति वेद्य संवन्धरहित छ । जस्तो नजान्नेलाई मरुभूमिमा जलको भान हुन्छ त्यस्तै जान्नेलाई वेद्यको संवन्ध वित्तिमा छैन भन्ने ज्ञान हुन्छ– मनको लय हुन्छ । मध्यम ज्ञानिलाई वित्तिमा वेद्यको संवन्ध छैन भन्ने अनुभवहुन्छ । त्यस्तो अवस्थालाई उन्मनीदशा भन्दछन् । १६।११६

ज्ञानं तदेव हि भवेद्यत्रेदं भासते जगत् ।
सङ्कल्पाद्व्यवहारो हि ज्ञाने सर्वं प्रकाशते ॥ २२।१२

जसमा यो जगत् प्रकाशमान छ त्यही नै ज्ञान हो । (प्रतिविम्वको आश्रय ऐना झैं सवै व्यवहारको आश्रय ज्ञान नै स्वरूपभूत छ) संकल्प बाट व्यवहार हुन्छ । स्वरूपभूतज्ञानमा सवै प्रकाश हुन्छ । २२।१२

असङ्कल्पेन तद्रूपमनुलक्ष्य धिया सकृत् ।
कृतार्थो बन्धनिर्मुक्तो भवतीति सुनिश्चयः ॥ २२।१३

ध्यान उपादान आदि आभासरूपले तिरोहित (दविएको) झैं भएको श्रवणादिले परोक्ष भनी थाहा पाइएको (कानहरूद्वारा न सुनिने भएको) स्वरूपलाई निदिध्यासनरूप असंकल्पले स्वतः अनुभव गरी "सोऽहं" भन्ने ज्ञान भएपछि अविद्या नाश भई बन्धनबाट नितरां मुक्त हुन्छ । २२।१३

ज्ञस्य प्रमैव तज्ज्ञानमज्ञस्य तु भ्रमात्मकम् ।
ज्ञानिनां ज्ञानमेव स्यात्सर्वोऽपि व्यवहारकः । २२।२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानिको प्रमा (बुद्धि) नै ज्ञान हुन्छ। अज्ञानिको ता बुद्धि भ्रम (माया) रूप हुन्छ। ज्ञानिको ज्ञानरूपनै स वै व्यवहार हुन्छ। २२।२१

सर्वानुस्यूतसंवित्तिमात्रात्मा भाति सर्वतः। २२।६४

सर्वैतिर अनुस्यूत (प्रवाहरूपले चलिरहेको) चिद्रूपमात्र मेरो आत्मा सर्वैतिर प्रकाशमान छ। २२।६४।।

पूर्णविज्ञानमेतत्स्यात्संकोचपरिवर्जनात् ।
दृगेव दृश्यतां प्राप्तं स्वमाहात्म्यप्रकर्षतः ।। २२।१०३

संकल्प (विकल्प स्वरूप) छाड्नाले आफ्नो चित्शक्तिको उत्कर्ष (ऐश्वर्य) ले ज्ञान नै देखिने विषयभावमा पुगेको छ त्यो पूर्ण विज्ञान हो। अर्थात् ज्ञानदेखि भिन्न दृश्य छैन भन्ने ज्ञान हुनु पूर्ण विज्ञान हो। २२।१०३

योगिनीहृदयम्

जाग्रत्स्वप्नसुषुप्त्याख्यतुर्यरूपाण्यमूनि तु ।
अतीतन्तु परन्तेजः स्वसंविदुदयात्मकम् ।। १।४६

जाग्रत् स्वप्न सुषुप्ति तुर्य नाम भएका चाररूप छन्। (जाग्रत्– जागा रहेको वखत बुद्धि इन्द्रिय शरीरहरूको व्यापार) (स्वप्न–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःकरण मात्रको व्यापार) सुषुप्ति– सबै इन्द्रियहरूको व्यवहार उपरत भई सुखमात्र परामर्श हुनु) तुरीय– चैतन्य मात्र वृत्ति स्वसंवित्‌रूप) माथिका ४ अवस्थादेखि अतीत प्रकाशरूप सबै प्राणीमा आत्मरूपले रहेको छ। १।४९

स्वेच्छाविश्वमयोल्लेखखचितं विश्वरूपकम्।
चैतन्यमात्मनोरूपं निसर्गानन्दसुन्दरम्॥ १।५०

स्वेच्छाले विश्वमय चित्र खडा भयो। विश्वरूप भएको चैतन्य शक्ति (चिद्विमर्श) चिदात्मप्रकाशको रूप सहजानन्द उल्लास (प्रकाश) हो। १।५०

इच्छारूपं परन्तेजः सर्वदा भावयेद्बुधः। १।७२॥

इच्छारूप परतेज (संविदात्मप्रकाश) सदा विद्वान्‌ले भावना गर्नु। १।७२॥

प्रकाशते महातत्वं दिव्यक्रीडारसोज्ज्वले।
निरस्तसर्वसङ्कल्पविकल्पस्थितिपूर्वकः॥ २।७६

देश काल आकारले अवच्छिन्न नभएको महातत्त्व-स्वप्रकाश चित्प्रकाश आफ्नो चित्‌शक्ति सामरस्य प्रकाशमा प्रकाश हुन्छ। संकल्प र विकल्पको त्यागले मन स्थिर हुन्छ मन स्थिर भएपछि रहस्यार्थ ज्ञानहुन्छ। २।७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहन्तेदन्तयोरैक्यं भावयन् विहरेत्सुखम् । ३।२०१।।

अहन्ता र इदन्ताको (अर्थात् ज्ञातृचैतन्य र ज्ञेयचैतन्यको समरसलक्षण ज्ञानको) ऐक्य भावना गर्दै सुखसित विहार गर्नू– परिपूर्ण ज्ञानानन्द हुनू । ३।२०१।।

विज्ञानभैरवः

ज्ञानप्रकाशकं सर्वं सर्वेणात्मा प्रकाशकः ।
एकमेकस्वभावत्वाज्ज्ञानं ज्ञेयं विभाव्यते ।। १३७

सवै प्रकाश्य वेद्य वस्तुजात (वस्तुसमूह) ज्ञानप्रकाशक छ । सवै वेद्य आत्मवेदक-प्रकाशकारी हुन्छ । वेद्यलाई छाडेर वेदकको वेदकत्वै हुदैन । वेदक भन्नाले कसको वेदक भन्ने हुन्छ । यसकारण वेद्यले नै वेदकलाई जीवित प्रदान गर्दछ । वेद्यत्व वेदकत्वस्वरूप छ । वेदक वेद्यात्म छ । यी दुवैको एकै प्रकृति हुनाले ज्ञान र ज्ञेय एकै हुन् भन्ने भावना गर्नू । अर्थात् प्रकाशकज्ञान आत्मादेखि अलग छैन भन्ने भावना गर्नू । १।३७

अमनस्कयोगशास्त्रम्

मनोदृश्यमिदं सर्वम् यत्किञ्चित्सचराचरम् ।
मनसोप्युन्मनीभावेऽद्वैतभावं प्रकल्पते ।। २।८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो सम्पूर्ण चराचर जो देखिन्छ सो मनैको कारणले हो भनी जान । विषयस्फुरणवृत्ति नभएको मन सबै अद्वैत भाव कल्पना गर्दछ।२।८०

योगदर्शनम्

योगश्चित्तवृत्तिनिरोधः । १।२

चित्तको वृत्ति रोक्नु योग हो। १।२

तदा द्रष्टुः स्वरूपेऽवस्थानम् । १।३

निरोधावस्थामा द्रष्टाको चितिशक्तिमा अवस्थान हुन्छ ।१।३

सांख्यदर्शनम्

निर्गुणत्वमात्मनोऽसङ्गत्वादिश्रुते : । ६।१०

विकारको हेतु (कारण) संयोगाभावको श्रवणले आत्मा निर्गुण छ। सुख दुःख मोहादि सब गुणले शून्य छ। ६।१०

विवेकचूडामणिः

सत्यं ज्ञानमनन्तं ब्रह्म विशुद्धं परं स्वतः सिद्धम् ।
नित्यानन्दैकरसं प्रत्यगभिन्नं निरन्तरं जयति ।। ४।१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, ज्ञान, अनन्त स्वरूप, विशुद्ध, स्वतःसिद्ध, नित्य आनन्द-स्वरूपले रहने जीवात्मादेखि भिन्न नभएको परब्रह्म निरन्तर सर्वश्रेष्ठ छ । ४।१४

श्रीयोगवासिष्ठसारः

यदस्पन्दं शिवं शान्तं यस्यान्तर्जगतः स्थितिः ।
स्पन्दास्पन्दविलासात्मा स एकोत्र चिदाकृतिः ।। १०।२९

जो निस्पन्द (निष्कम्प) शिव शान्त छ, जसको बीचमा संसारको स्थिति छ चराचर विशालरूप त्यो चिदात्मा एक छ । १०।२९

योगवासिष्ठः

दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम् ।
संपन्नं चेत्तदुत्पन्ना परा निर्वाणनिर्वृतिः ।। १।३।६

दृश्य छैन भन्ने आत्मसाक्षात्कारको ज्ञानले तीनै कालमा दृश्य छैन भन्ने मनले सम्झेमा नित्यसिद्ध भएको परनिर्वाण निवृत्ति (तत्त्व ज्ञान प्रकाश) हुन्छ । १।३।६

अविच्छिन्नचिदात्मैकः पुमानस्तीह नेतरत् ।
स्वसङ्कल्पवशाद्बद्धो निःसङ्कल्पश्च मुच्यते ।। २।१।३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविच्छिन्न (सधैं रहिरहने) चित्स्वरूप एक पुरुष छ । अरु छैन । आफ्नो संकल्पले बद्ध हुन्छ निःसंकल्पले मुक्त हुन्छ । २।१ : ३६

यथा संवेदनं चेतस्तथा तत्स्पन्दमृच्छति ।
तथैव कायश्चलति तथैव फलभोक्तृता ।। २।७।५

साक्षीमा जस्तो विषयको स्फूर्ति पहिले हुन्छ त्यहाँपछि मन त्यस्तै स्पन्दमा जान्छ । त्यस्तै कर्मेन्द्रियको स्पन्दले शरीर चल्दछ, क्रियानुसार फलसिद्धि पनि हुन्छ । २।७।५

अचेत्यचित्प्रकाशात्मा विज्ञानात्मा निरामयः ।२।१७।४२

निर्विषय चित्प्रकाशस्वरूप विज्ञानात्मा निरामय छ ।२।१७।४२

स्वानुभूतिप्रकाशोऽस्य केवलं व्योमरूपिणः ।
योऽन्तरस्ति स तेनैव नत्वन्येनानुभूयते ।। ३।१०।१७

केवल आकाशरूप भएको यो आत्माको स्वानुभूति प्रकाश छ । जो अन्तःकरण छ त्यो आत्मा त्यसैले अनुभव गर्छ । अरुले अनुभव गर्न सकिंदैन । ३।१०।१७

चित्ताकाशं चिदाकाशमाकाशं च तृतीयकम् ।
द्वाभ्यां शून्यतरं विद्धि चिदाकाशं वरानने ।।३।१७।१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्ताकाश, चिदाकाश र तेस्रो आकाश छ । हे वरानने चिदाकाश, चित्ताकाश र आकाशदेखि शून्य जान । ३।१७।१०

विद्ध्येतत्त्रयमेकं त्वमविनाभावनावशात् ।३।४०।१६॥

एउटा नभई अर्को न हुनाले यी तीननै एकै जान ।३।४०।१६॥

चित्तं हि प्रतिभासात्म यश्च तत्प्रतिभासनम् ।
तदिदं भाति देहादि स्वान्तं नान्यास्ति देहदृक् ।।३।९१।२०

चित्त प्रतिभासस्वरूप छ । जो त्यो प्रतिभास हो त्यो यो देह हो । त्यही मन हो । देहादिप्रतीति चित्तदेखि अर्को होइन ।३।९१।२०

चित्तमात्मचमत्कारं तच्च तत्कुरुते स्वतः ।३।९१।२१॥

चित्त आत्मकल्पित हो त्यो एक कल्पना आत्मा स्वतः गर्दछ ।
३।९१।२१॥

चितो यच्चेत्यकलनं तन्मनस्त्वमुदाहृतम् ।
चिद्भागोऽत्राजडोभागो जाड्यमत्र हि चेत्यता । ३।९१।६७

चित्ले जो चेत्य (विषय) कल्पना गर्छ त्यही मन हो । चित् भागमा जडता छैन । चेत्यमा जडता छ । ३।९१।३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिद्भागोऽत्रावबोधांशो जडं चेत्यं हि दृश्यते ।३।९१।३८

चित् भाग ज्ञानांश हो । चेत्य जड देखिन्छ । ३।९१।३८

स्वमेवान्यतया दृष्ट्वा चितिर्दृश्यतया वपुः ।
निर्भागाप्येकभागाभं भ्रमतीव भ्रमातुरा ।। ३।९१।४०

चिति आफ्नो स्वरूपलाई अर्को दृश्यताले देखेर अंश नभएको पनि अंशभए जस्तो ठानी भ्रमले आतुर भई भ्रममा परे जस्तो हुन्छ । ३।९१।४०

मनो हि भावनामात्रं भावना स्पन्दधर्मिणी ।
क्रिया तद्भावितारूपं फलं सर्वो,नुधावति ।। ३।९६।१

मन भावना मात्र हो । भावना स्पन्दधर्मि छ। त्यही भावनाको अनुसार क्रिया हुन्छ । सबै फलको पछि लाग्छ । ३।९६।१

अहन्तांशे क्षते शान्ते भेदे निष्पन्दतांगते ।
अजडा या प्रकचति तत्स्वरूपमिति स्थितम् ।।३।११७।१०

अहंताको अंश नाश भई शान्त भएमा, भेद निस्पन्दता भएमा जडशून्य भई जो रहन्छ त्यही आतमस्वरूप हो । ३।११७।१०

विज्ञानात्मा शासिता विश्वबीजं
ब्रह्मैवालं स्वं चिदाकाशमात्रम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्माज्जातं यत्तदेवेति विद्या-
द्वेद्यं स्वान्तर्बोधसंबोधमात्रम् ॥ ४।३।२४

जो जीवनाम भएको प्रत्यगात्मा छ, जो विश्वको कारण शासिता ईश्वर छ, ती दुइ परमार्थ दृष्टिले विचार गर्दा पूर्ण प्रत्येक एकरस चिदाकाश मात्र "ब्रह्म" हो। जो जसबाट पैदा भएको छ त्यो त्यही हो। त्यसकारण सबै वेद्य स्वान्तर्बोधमा (अन्तर्ज्ञानमा) शुद्ध चिन्मात्र छ। ४।३।२४

बहिर्लोकोचिताचारस्त्वन्तराचारवर्जितः ।
समो ह्यतीव तिष्ठ त्वं संशान्तसकलैषणः ॥ ४।१५।४४

बाहिर लोकमा योग्य आचारमा रही भित्र आचारले रहित भई सबै इच्छा शान्त गरेर ज्यादै समदृष्टि भएर तिमी वस।
४।१५।४४

चिच्चिनोति चितं चेत्यं तेनेदं स्थितमात्मनि ।४।३६।११॥

यदि चित् चेत्यलाई बढाउँछ- प्रसार गर्छ भन्ने ठान्दछौ भने चित्लाई बढाउँछ भन्ने ठान। चेत्य अर्को होइन भन्ने मन न गरेमा चित्को स्वात्मामा व्यापार न हुनाले यो चित्स्वरूप आत्मामा नै रहेको छ केही बढाउँदैन। यो हो परमार्थ दृष्टि। ४।३६।११॥

भावयन्नात्मनात्मानं चिद्रूपेणैव चिन्मयम् ।
ऋजूज्ज्वलमये ह्यात्मा स्वयमात्मनि जृम्भते ॥ ५।५।४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिद्रूप आफूले चिद्रूपआत्मालाई भावना गर्दा माया, कौटिल्य (भ्रम) मालिन्य नभएको आफूमा आत्मा स्वयं प्रकाश हुन्छ ।५।५।४२

चित्तं वृत्तिविहीनं ते यदा यातमचित्तताम् ।
तदा मोक्षमयीमन्तः सत्तामाप्नोषि तां तताम् ।।५।२१।२६

जव वृत्ति भएको चित्त चित्त नभएको अवस्थामा पुग्छ तव भित्र फैलिएको मोक्षमयी सत्तालाई पाउँछौ । ५।२१।२६

चिन्तनं वृत्तिरित्युक्तं वर्तते चित्तमाशया ।
चित्तवृत्तिमतो ह्याशां त्यक्त्वा निश्चित्ततां व्रज ।।५।२१।२८

आशाले नै चिन्तनमा चित्तवृत्ति लाग्छ । यसकारण आशा नाम गरेको चित्तवृत्ति त्यागेर निश्चिन्त होऊ । ५।२१।२८

चिच्चेत्यकलनाबन्धस्तन्मुक्तिर्मुक्तिरुच्यते ।
चिदचेत्याखिलात्मेति सर्वसिद्धान्तसंग्रहः । ५।२६।१३

चित्‌लाई चेत्याकार विचार गर्नु बन्धन हो । त्यो विचार न गर्नु (विचार छोड्नु) मुक्ति हो चेत्याकार (विषयाकार) ले मुक्त भएको चित् पूर्ण हो । यही सबै सिद्धान्तको संग्रह हो । १।२६।१३

चेतसो यदकर्तृत्वं तत्समाधानमुत्तमम् ।
तां विद्धि केवलीभावं सा शुभा निर्वृतिः परा ।५।५६।१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तमा कर्तृत्व छैन भन्नु उत्तम समाधान हो । त्यसैलाई केवली भाव जान । त्यही कल्याणकारक परनिर्वृति (आनन्द) हो ।
५।५६।१५

सर्वं किञ्चिदिदं दृश्यं दृश्यते यज्जगद्गतम् ।
चिन्निष्पन्दांशमात्रांशान्नान्यत्किञ्चन शाश्वतम् । ५।५९।३२

सबै यो दृश्यजगत् जो देखिन्छ त्यो चित्स्पन्दांशमात्रदेखि अरु केही छैन ।
५।५९।३२

समस्तकलनोन्मुक्ते नकिंचिन्नामसूक्ष्मखे ।
ध्यानात्संविदि लीनायां प्राणस्पन्दो निरुद्ध्यते ।। ५।७८।२६

सबै विकारले उन्मुक्त भएको केही नाम नभएको सूक्ष्माकाश निर्विकल्पसमाधिले संवित्मा लीन भएपछि प्राणस्पन्द रोकिन्छ ।
५।७८।२६

तस्मात्संविन्मये शुद्धे हृदये हृतवासनः ।
बलान्नियोजिते चित्ते प्राणस्पन्दो निरुद्ध्यते ।।५।७८।३८

त्यसकारण संविन्मय शुद्धहृदयमा वासना हवन गरी (लय गरी(श्रद्धा भक्ति धैर्य एकाग्रभावले चित्त लगाएमा प्राणको स्पन्द (चलन) रोकिन्छ ।
५।७८।३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मेदं बृंहिताकारं बृहद्बृहदवस्थितम् ।
ज्ञानादस्तमितद्वित्वं भवात्मैव त्वमात्मना ।। ५।७९।११

ज्ञानले द्वित्व (द्वैत) नाश भएका तिमी बृहत् भन्दा पनि बृहत् आकार भएको ब्रह्म आफ्नो आत्मामा रहेको जान। आपनो आत्मामा नै मायाले नट झें बृंहित (ठूलो) आकार भएको यो दृश्य रहेको छ । ५।७९।११

न बहिर्नान्तरे किंचित्संवेद्यं विद्यते पृथक् । ५।९१।६७।।

वाहिर अथवा भित्र संवित् भन्दा अलग संवेद्य छैन ।५।९१।६७

संवित् स्फुरन्ती सङ्कल्पात् संवेद्यं पश्यति स्वतः । ५।९१।६८।।

संवित् स्फुरण संकल्पवाट आफै संवित् संवेद्य (जानिने विषय) देखतछ । ५।९१।६८।।

स्वचमत्कारयोगेन संवेद्यं संविदस्तथा ।
स्ववेदनं स्वसङ्कल्पात्संविदो यत्र वर्तते ।। ५।९१।६९

जुन विवेकावस्थामा स्वतत्त्वको संवेदन (ज्ञान) छ त्यो संवेदन पनि स्वसंकल्पबाट पैदा भएको स्वप्न झैं हो । अभेदज्ञानमा स्वसंवेदन अथवा विवेक विचारहरू केही पनि सम्भव हुदैनन् । ५।९१।६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचारोत्थात्मविज्ञानं ज्ञानमङ्ग विदुर्बुधाः ।
ज्ञेयं तस्यान्तरेवास्ति माधुर्यं पयसो यथा ।।५।९३।२१

विचारबाट पैदा भएको आत्मविज्ञानलाई विद्वान्हरू ज्ञान भन्दछन् । दुधको भित्र मीठोपना रहे झैं ज्ञानको भित्र नै ज्ञेय रहेको छ ।
५।९३।२१

सम्यग्ज्ञानसमालोकः पुमान्ज्ञेयमयः स्वयम् ।५।९३।२२।।

सम्यग् ज्ञानले उज्ज्वल भएको स्वयं ज्ञेय भएको पुरुष सदा ब्रह्मानन्दको अनुभव गर्छ ।
५।९३।२२।।

यन्नास्ति तस्य सद्भावप्रतिपत्तिरुदाहृता ।
मायेति सा परिज्ञानादेव नश्यत्यसंशयम् ।।६।१।३।२०

जुन वस्तु छैन त्यो वस्तु छ भनी स्वीकार गर्नु माया हो । त्यो माया ज्ञानले नाश हुन्छ । अहंकारको तत्त्व अज्ञान हो । स्वात्मज्ञानले अहंकार हट्तछ ।
६।१–३।२०

ब्रह्म ब्रह्मणि बृंहाभिर्ब्रह्मशक्त्यैव बृंहति । ६।१।११।२०।।

ब्रह्म, ब्रह्मशक्तिले नै ठूलो हुन्छ । ६।१–११।२०।।

शक्तिर्निर्हेतुकैवान्तः स्फुरति स्फटिकांशुवत् ।
जगच्छक्त्यात्मनात्मैव ब्रह्म स्वात्मनि संस्थितम् ।६।१।११।३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारण नभैकन पनि आत्मशक्ति, स्फटिकको प्रकाश झैं भित्र स्फुर्दछ । शक्तिद्वारा जगत् देखिन्छ । आफूमा रहेको आत्मा नै ब्रह्म हो । ६।१–११।३७

प्राणापानरथारूढं प्राणापानमनाततम् ।
यच्छक्तिरूपं शक्तीनां तच्चित्तत्वमुपास्महे ।।६।१–२५।७१

जुन शक्ति प्राण अपानरूपीउपाधिरथमा चढी प्राण अपान शक्ति हुन्छ त्यस चित्तत्त्वको उपासना गर्छौं । ६।१–२५।७१

अकृत्रिममनाद्यन्तं देवनं देव उच्यते ।६।१।२९।१२१।।

बनावटी नभएको आदि अन्तरहित निरतिशयानन्द स्वप्रकाश ब्रह्मलाई चित् भन्दछन् । ६।१–२९।२१।।

अकृत्रिममनाद्यन्तं देवनं चिच्छिवं विदुः ।६।१।२९।१२२।।

क्रियाले साध्य नभएको आदि अन्तरहित निरतिशयानन्द-रूप चित्प्रकाशलाई "देव" भन्दछन् । ६।१–२९।१२२।।

चिदस्ति हि शरीरेहं सर्वभूतमयात्मिका ।
चलोन्मुखात्मिकैका तु निर्विकल्पा परास्मृता ।।६।१।३०।६७

शरीरमा सर्वभूतमयस्वरूप दुइ किसिमको चिच्छक्ति छ । व्यष्टि र समष्टि । बुद्धिमा (ज्ञानमा) आसक्त स्वभाव भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(विज्ञानमय शब्दले कहिने कर्ता र भोक्ता स्वभाव भएको) एक, अर्को कूटस्थ साक्षी निर्विकल्प छ । ६।१–३०।६७

क्रियोन्मुखत्वं सङ्कल्पात्सङ्कल्पो मननक्रमः ।
मननं चित्तकालुष्यमात्मा चिन्निर्मला भवेत् ।। ६।१।३१।३५

संकल्पबाट क्रियामा उन्मुखत्व हुन्छ । (संकल्पबाट मानिस कार्यमा प्रवृत्त हुन्छ) संकल्प मनन क्रम हो । मनन चित्तकालुष्य हो । आत्मस्वरूपचित् निर्मल छ । अर्थात् कर्मेन्द्रियको प्रवृत्तिमा कारण भएको संकल्पस्वरूपमनोवृत्ति र त्यसको मालिन्यको साक्षी आत्मचित् विचार गर्नुपर्छ । ६।१–३१।३५

सर्वशक्तिमयोह्यात्मा यद्यथा भावयत्यलम् ।
तत्तथा पश्यति तदा स्वसङ्कल्पविजृम्भितम् । ६।१।३३।४१

आत्मा सर्वशक्तिमय छ । जो जस्तो भावना गर्दछ आफ्नो संकल्पले बढेको त्यो त्यस्तै देख्दछ । ६।१।३३।४१

सर्वगापि चिद्रूच्छूनबोधात्स्पन्दादिकं प्रति ।
बोधात्कलंकविमला चिदेव परमं शिवम् ।।६।१।३५।१३

सबैमा रहेको चित्शक्ति बाह्याकारबोध (ज्ञान) ले देह घट-हरूको स्पन्दमा समर्थ हुन्छ। ब्रह्माकारको ज्ञानले मायारूपी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलंकलाई छाडेर निर्मल भएको स्वयं नै परमकल्याण कैवल्यपदमा रहन्छ । ६।१–३५।१३

आवर्तः सलिलस्येव यः स्पन्दस्त्वयमात्मनः ।
प्रोक्तः प्रकृतिशब्देन तेनैवेह स एव हि ।। ६।१।४९।३०

जो यो पानीको भुमरी झैं आत्माको स्पन्द छ त्यसैलाई प्रकृति भन्दछन् । त्यसकारण त्यो त्यही नै हो । ६।१–४९।३०

चित्त्वजाड्यात्मकं चित्तं दृढं भावयति स्वयम् ।
यथा यदैव यद्भावं तथा भवति तत्तदा ।। ६।१।५१।३८

चित्त्व र जाड्यात्मक भएको चित्त आफैं दृढ भावना गर्दछ । जुन बखतमा चित्त देवता, मनुष्य, स्थावर इत्यादि प्रकार जस्तो भावना गर्दछ त्यसबखतमा त्यही भावना अनुभव गर्दछ । ६।१–५१।३८

बोधो जीवः प्रबोधोऽयं स च बुद्धिप्रयत्नतः ६।१।५१।६०।।

जीव बोधस्वरूप र प्रबोधस्वरूप छ । त्यो बुद्धिको प्रयत्नले हुन्छ । ६।१–५१।६०।।

यत्संवेद्यविनिर्मुक्तम् संवेदनमनिर्मितम् ।
चेत्यमुक्तचिदाभासं तद्विद्धि परमं पदम् ।। ६।१।५९।४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संवेद्यले मुक्त भएको, स्वतन्त्र संवेदन, चेत्यले मुक्त चिदाभासलाई परमपद जान । ६।१–५६।४

आत्मनात्मनि शान्तैव चिच्चमत्कुरुते चिति ।
चित्प्रस्पन्दो हि संसारस्तदस्पन्दः परमं पदम् ।। ६।१।५६।२१

दुइ किसिमको चिदात्मको रूप विवेकीह्रूले अनुभवगरेका छन् । चित्तवृत्तिमा प्रतिबिम्बित चेत्यार्थरूप चित्तले निर्मित एक चिदात्मा । अर्को सबै अवस्थामा साक्षीरूपले रहेको नित्य सिद्ध संविद्रूप । ती दुवैरूप चेत्य (ज्ञान) ले संवेद्य (जानिने) त्रिपुटी (ज्ञाता-जान्ने, ज्ञान- ज्ञान गर्नु, ज्ञेय– जानिने) ले मुक्त भयो भने त्यो परमपद ब्रह्म नै भयो भन्ने जान । ६।१–५६।२१

चित्तेज एव चित्स्पन्द इति बुद्धे निरन्तरम् ।६।१।५६।४६।।

चित्प्रकाश नै चित्स्पन्द हो भन्ने जानेमा संसार क्षीण हुन्छ । ६।१–५६।४६।।

व्यतिरिक्तश्चितः स्पन्दो न किञ्चिदवशिष्यते ।६।१।५६।४७

चित्प्रकाशदेखि अतिरिक्त अर्को स्पन्द छैन । ६।१–५६।४७।।

या परा शक्तिः स्फुरति वीणावेगलसद्गतिः ।६।१।८०।४१।।

वीणाको झङ्कार झैं पराशक्ति स्फुर्दछ । ६।१–८०।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सा चोक्ता कुण्डलीनाम्ना कुण्डलाकारवाहिनी ।
प्राणिनां परमा शक्तिः सर्वशक्तिजवप्रदा ।। ६।१।८०।४२

कुण्डली नाम भएको कुण्डलाकारमा प्रवृत्ति भैराखेको, प्राणीको सर्वशक्तिको वेगदिने त्यो परमशक्ति भनिएको छ । ६।१–८०।४२

सान्तः कुण्डलिनीस्पन्दस्पर्शसंवित्कलामला
कलोक्ता कलनेनाशु कथिता चेतनेन चित् ६।१।८१।२
जीवनाज्जीवतां याता मननाच्च मनः स्थिता ।
संकल्पाच्चैव संकल्पा बोधाद्बुद्धिरिति स्मृता ।। ६।१।८१।३
अहंकारात्मतां याता सैषा पुर्यष्टकाभिधा ।
स्थिता कुण्डलिनी देहे जीवशक्तिरनुत्तमा ।।६।१।८१।४

प्राणरूपले भित्र स्फुरेकी कुण्डलिनी मारुत धर्मले र स्वधर्मले पनि स्पन्द स्पर्श संवित् भन्ने तीन किसिमको कल्पना भई स्पन्द कला चित् जीव मन संकल्प बुद्धि अहंकार यी आठ पुर्यष्टक शरीरमा उत्तम जीवशक्ति भइरहेको छ । ६।१–८१।२–३–४

स्वरूपे निर्मले सत्ये निमेषमपि विस्मृते । ६।१।८५।१११।।
दृश्यमुल्लासमाप्नोति प्रावृषीव पयोधरः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्व जान्नेहरूले निर्मल, सत्य, आफ्नो स्वरूप एकछिन मात्र पनि विर्सिएमा वर्षाऋतुमा मेघ झैं दृश्य देखापर्छ । ६।१-८५।११।।

अनारतानुसंधानादप्युन्मेषमविस्मृते ।। ६।१।८५।११२
स्वरूपे नोल्लसत्येष चित्ते दृश्यपिशाचकः । ६।१।८५।११३।।

हरवखत समाधिले आफ्नो स्वरूप एक क्षण पनि नविर्सिएमा यो दृश्यरूपीपिशाच चित्तमा देखा पर्दैन । ६।१-८५।११३।।

चिन्मात्रममलं शान्तमाभातं परमं नभः ।
समस्तकलनोन्मुक्तं युक्तं परमया धिया ।। ६।१।८६।१२

चिन्मात्र निर्मल, शान्त सबैतिर प्रकाशमान, परमाकाशस्वरूप (शून्य) सबै विषयबाट छुटेको साक्षात्कारबुद्धिले युक्तभएको छ । ६।१-८६।१२

यदेकोदितमत्यच्छं शान्तमाततमुज्ज्वलम् ।
परमात्मात्मकं तेजस्तिमितं ज्ञप्तिमात्रकम् ।। ६।१।८६।१३

जो एक हरवखत उदाइराखेको अति निर्मल, शान्त, व्यापक, उज्वल, परमात्मस्वरूप ज्ञप्तिमात्र छ । ६।१-८।१३

अप्रतर्क्यमविज्ञेयं समं शिवमनिन्दितम् ।
ब्रह्मनिर्वाणमापूर्णमापूर्णोदितसंविदा ।। ६।१।८६।१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर्कगर्न नसकिने एवं जान्न नसकिने, सम, कल्याणस्वरूप सर्वतिर पूर्णउदित भएको स्वबोधले पूर्ण, उपाधिशून्य ब्रह्म निर्वाण छ । ६।१-६६।१४

सर्वं सर्वात्मकं सूक्ष्ममच्छानुभवमात्रकम् ।। ६।१।६६।२७।।

कर्ता नभएको एवं कर्म नगर्ने, सत्य, अक्षत, चित्घन छ ।
६।१-६६।२७।।

अकर्तृकर्मकरणं सत्यं चिद्घनमक्षतम् ।
आत्मरूपमनाभासं स्वयं वेदनमक्षतम् ।। ६।१।६६।३०

आभास (भ्रम) रहित कहिले पनि नाश नहुने आत्मरूप ज्ञान छ ।
६।१-६।१-६३।३०

स्वयमेवात्मनैवात्मा शक्तिं सङ्कल्पनामिकाम् ।
यदा करोति स्फुरतां स्पन्दशक्तिमिवानलः ।। ६।१।११४।१५

अग्निले स्पन्दशक्ति झैं प्रकाशमान आत्माले नै संकल्पनाम गरेको संकल्प जव गर्दछ तव मन विश्वात्मा हुन्छ । ६।१।११४।१५

तदा पृथगिवाभासं सङ्कल्पकलनामयम् ।
मनो भवति विश्वात्मा भावयन् स्वाकृतिं स्वयम् ।।६।१।११४।१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वाकार भएको आफ्नो आकृति आफैं भावना गर्दै त्यसवखत अलग झैं आभास भएको संकल्प कलनामय भएको मन विश्वात्मा हुन्छ । ६।१–११४।१६

दृश्यते स्वात्मनैवात्मा स्वया सत्त्वस्थया धिया ।६।१।११८।४

सत्त्व गुणमा रहेको बुद्धिले आफ्नो आत्मा आफैं देख्तछ । ६।१–११८।४।।

यदैवैवं चितो रूपं ततं बुद्धमखण्डितम् ।
तदैव तीर्णः संसारः परमेश्वरतां गतः ।। ६।१।१२१।७

जव अखण्डित पूर्ण चित्‌को रूप जान्दछ तव संसार तरी परमेश्वर भावमा पुग्छ । ६।१।१२१।७

सिद्धान्तोऽध्यात्मशास्त्राणां सर्वापह्नव एव हि
नाविद्यास्तीह नो माया शान्तं ब्रह्मेदमक्रमम् ।।६।१।१२५।१

सवै द्वैतलाई हटाउनु श्रुति स्मृति पुराणादिअध्यात्म शास्त्रको परमसिद्धान्त हो । स्वप्रकाश आत्मामा अविद्या, माया छैन । शान्त क्रमरहित ब्रह्मस्वरूप आत्मा छ । ६।१–१२५।१

निर्वाणवान्निर्मननः क्षीणचित्तः प्रशान्तधीः । ६।१।१२५।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनरहित, चित्त क्षीण भएको, शान्त बुद्धि भएको मानिस निर्वाण पदले युक्त हुन्छ । ६।१–१२५।४।।

केवलं सत्यसङ्कल्पं शुद्धं ब्रह्मास्म्यहं परम् । ६।१।१२८।३६।।

केवल सत्यसंकल्पद्वारा जगत्को उत्पत्ति गर्ने शुद्ध म परब्रह्म छु । ६।१–१२८।३६।।

संविन्मात्रं विदुर्जन्तुं तस्य प्रसरणं जगत् ।
आत्मनिष्ठत्वमजगत्परमेत्युपदेशभूः ।। ६।२।२२।५०

जन्तु संविन्मात्र छ । त्यसको प्रसार जगत् हो । आत्मज्ञान भए पछि जगत् रहदैन । यो रहस्य उपदेश हो । ६।२–२२।५०

चितश्चेत्योन्मुखत्वं यत्तच्चित्तं सैव संसृतिः ।
सेच्छा तन्मुक्तता मुक्तिर्युक्तिं ज्ञात्वेति शाम्यताम् ।।६।२।२७।५१

चिदात्माको बाह्य विषयमा उन्मुख भई इच्छा हुनु नै चित्त र संसार हो । बाह्य विषयबाट मुक्त हुनु मुक्ति हो । यो युक्ति जानेर शान्त होऊ । ६।२–२७।५१

ज्ञप्तिमात्रादृते शुद्धादादिमध्यान्तवर्जितात् ।
नान्यदस्तीह निर्णीतं महाचिन्मात्ररूपिणः ।। ६।२।४२।६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि मध्य अन्त नभएको शुद्ध, चिन्मात्र स्वरूप ज्ञप्ति वाहेक अरू केही छैन । ६।२–४२।६

प्रतिभात्मैव भारूपो भाति सर्गो महाचिति । ६।२।४२।२३॥

महाचित्मा तेजरूप प्रतिभास्वरूप नै सृष्टिरूपले प्रकाश हुन्छ । ६।२–४२।२३॥

प्रतिभामात्रमेवाच्छं नतु ज्ञप्तेर्घटादि सत् । ६।२।४२॥३९॥

प्रतिभामात्र नै निर्मल ब्रह्म छ। ज्ञप्तिदेखि अलग घटादि सत् छैन । ६।२–४२।३९॥

ज्ञानात्मिकैव प्रतिभा ज्ञप्तिरेवाखिलं जगत् ।
ज्ञप्तिरप्यात्मतत्त्वश्रीः परिज्ञातोपशाम्यति ॥ ६।२।४२।४०

प्रतिभा ज्ञानस्वरूप छ । सवै जगत् ज्ञप्ति नै हो । ज्ञप्ति पनि आत्म तत्त्व हो । त्यसको ज्ञान भएपछि भेदक उपाधि नाश भई सो ज्ञप्ति पनि शान्त हुन्छ । ६।२–४२।४०

महाबोधमयैकात्मा स्वात्मैव परमेश्वरः । ६।२।४८।२२॥

महाबोधमय एक स्वात्मा नै परमेश्वर हो । ६।२–४८।२२॥

यदस्पन्दि मनोरूपं रूपं तस्य पदस्य तत् । ६।२।५३।१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(समाधिमा आरूढ भएका योगीको) मनको रूप जब चल्दैन त्यो परमपदको त्यही रूप हो। ६।२–५३।१२।।

बोध एव कचत्यर्थरूपेण स च खादणुः ।
दृष्टान्तोऽत्रानुभूतोऽन्तः स्वप्नसङ्कल्पपर्वतः ।। ६।२।५४।१८

नभएको पनि विषयमा ज्ञान विषयरूपले प्रकाश हुन्छ । त्यो विषय शून्यभन्दा पनि शून्य छ । मन स्वप्नमाकल्पना गरिएको पहाड यसमा दृष्टान्त अनुभूत (अनुभव) छ । ६।२–५४।१८

सर्वशक्त्यात्म तद्ब्रह्म यथा कचति यादृशम् ।
रूपमत्यजदेवाच्छं तथा भवति तादृशम् ।। ६।२।५७।२१

सर्वशक्तिस्वरूप त्यो ब्रह्म जस्तो जसरी प्रकाश हुंन्छ आफ्नो रूप नछाडी निर्मल त्यस्तो त्यही प्रकाश हुन्छ । ६।२–५७।२१

इति मायेव दुष्पारा चिच्छक्तिः परिजृम्भते ।
इत्थमाद्यन्तरहिता ब्राह्मी शक्तिरनामया ।। ६।२।७०।१८

अविद्या (माया) भएको चित्शक्ति ऐन्द्रजालिक माया झैं स्फुरण हुन्छ । यस्तै आदि अन्तरहित मायाशून्य ब्राह्मी शक्ति रहेको छ ।) ६।२–७०।१८

अनन्यां तस्य तां विद्धि स्पन्दशक्तिं मनोमयीम् । ६।२।८४।२

Nepal Sanskrit University, Balméeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलस्वभाव भएको रजोगुणको प्राधान्यले स्पन्दशक्ति, सत्त्वगुणको प्राधान्यले सबैतिर चित्प्रतिबिम्ब व्याप्त भएको र जगत् संस्कार भएकोले पनि विकल्प हेतुले मन साम्य हुदा मनोमयी तादात्म्याध्यास र त्यसको अधीन सत्ता स्फूर्ति हुदा त्यस चिदाकाश शिवको अनन्य माया जान। ६।२–८४।२॥

तत्स्पन्दमायाशक्त्यैव लक्ष्यते नान्यथा किल । ६।२।८४।५॥

शिवको स्पन्दरूपमाया शक्तिद्वारा नै ज्ञान हुन्छ । अरु किसिमले हुदैन । ६।२--८४।५॥

स्पन्दशक्तिस्तदिच्छेदं दृश्याभासं तनोति सा । ६।२।८४।६॥

शिवको इच्छारूपस्पन्दशक्तिले यो दृश्याभास (जगत्) सृष्टि गर्छ । ६।२–८४।६॥

स्पन्दमात्रात्मिका सेच्छा चिच्छक्तिः पारमेश्वरी । ६।२।८५।१६

परमेश्वरको स्पन्दमात्र स्वरूप इच्छा चित्शक्ति हो । ६।२–८५।१६॥

चितिः शिवेच्छा सा देवं तमेवासाद्य शाम्यति । ६।२।८५।२१

शिवको इच्छारूपचित्शक्ति उनै शिवलाई पाएर शान्त हुन्छ । ६।२–८५।२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तु ज्ञानप्रबुद्धात्मा देहस्तस्याधिभौतिकः ।
शाम्यत्युदेति विमलो बोधात्मैवातिवाहिकः ॥ ६।२।६१।५३

ज्ञानोदयले स्थूल व्यष्टि समष्टि देहको आधिभौतिकवाद शान्त हुन्छ । त्यो देह स्वच्छ बोधरूप आतिवाहिक (सूक्ष्मरूप) भई उदाउँछ– प्रकाशहुन्छ । ६।२–६१।५३

आतिवाहिकदेहेन तेन बोधात्मनाणुना ।
बृहता वा यथा कामं निर्वाणात्मावतिष्ठते ॥६।२।६१।५४

बोधस्वरूप त्यो आतिवाहिकदेह सूक्ष्म वा बृहत् भएमा पनि इच्छानुसार निर्वाण (मोक्ष) रूप हुन्छ । ६।२–६१।५४

पुरुषो न शरीरादि न च चित्तादि किञ्चन ।
पुरुषश्चेतनं नाम न स नश्यति कर्हिचित् ॥६।२।१०२।५६

पुरुष शरीरादि होइन चित्त पनि होइन । पुरुष चेतन हो । त्यो चेतन पुरुष कहिल्यै पनि नाश हुदैन । ६।२–१०२।५६

समस्तमननत्यागे योऽसि सोऽसि निरामयः ।
बहिरन्तरनन्तात्मा सुस्थितोऽपि निरन्तरम् ॥ ६।२।१४२।२२

सव मनको वृत्ति छाडी हेरेमा जो छौ त्यो मायारहित बाहिर भित्र अनन्तात्मा निरन्तर स्थिर अद्वय छौ । ६।२–१४२।२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानं यदेव तज्ज्ञेयं ज्ञेयस्यासंभवात्पृथक् ।
यथा ज्ञानमतो ज्ञेयं तनोत्यात्मानमात्मना ।। ६।२।१४३।५५

ज्ञानदेखि ज्ञेय अलग नहुनाले जो ज्ञान हो त्यही ज्ञेय हो। यसकारण अज्ञानज्ञानले नै ज्ञेय (जगत्स्वरूप) आफूलाई आफैं सृष्टि गर्छ– फैलाउँछ । ६।२–१४३।५५

तत्सत्तासंनिवेशात्म कारणानन्यखात्म च ।
चिद्भानमात्रमव्यग्रं खमेवाप्रतिघं जगत् ।।६।२।१५६।५५

ब्रह्मसत्ताको संनिवेशस्वरूप अरु कारणबाटहुन नसक्ने हुनाले चिदाकाश हो । चित्को भानदोषशून्य आकाश नै जगत् हो । ६।२–१५६।५५

यैव चिद्भा जगत्सैव नैकतात्र न च द्विता। ६।२।१५६।५८।।

जुन चित् भान हो त्यही नै जगत् हो । यसमा एकता पनि छैन द्विता (दुइपना) पनि छैन । ६।२–१५६।५८।।

भवत्यकाश एवैषा दृश्यश्रीर्गगनात्मिका ।
अनन्यदृष्टा चिद्रूपा स्वप्नवत्स्वात्मद्रष्टृका ।। ६।२।१५६।६५

यो दृश्यश्री आकाशात्मनै हो । वास्तविक विषय नहुँदा प्रतीति मात्र हुने स्वप्न झैं अरुले देख्न नसकिने भएको आफैं आत्मा द्रष्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिद्रूपमात्र छ । ६।२-१५९।६५

एषा हि संपरिज्ञाता तिष्ठत्यपि यथास्थितम् ।
भामात्ररूपनिर्वाणा निशान्ता प्रतिभाकृतिः ।। ६।२।१५९।६६

यो स्वात्मा द्रष्टृस्वरूप चिदाकाशस्वरूपले जानेपछि निर्वाण (मुक्त–स्वच्छ) उज्यालो भएपछि अन्धकार नदेखिए झैं यथास्थित स्वरूप प्रकाशै रहन्छ । ६।२-१५९।६६

शान्ताशेषविशेषात्म यथास्थितमवस्थितम् ।
सदसद्वा जगज्जालं परिज्ञानेन शाम्यति ।।६।२।१५९।६७

सबै विशेषरूप शान्त भएपछि यथास्थित भइरहेको सत् वा असत् जगज्जाल ज्ञानद्वारा शान्त हुन्छ । ६।२-१५९।६७

सदंशो बोधतद्ग्राह्यमय एव यथा तथा ।
दृष्टा य एव दृश्यं तद्द्वैतवेदनमेककम् ।। ६।२।१६१।४३

जस्तो ब्रह्मको सच्चिदानन्द अंशमा सत् अंश बोधमय र बोधले ग्राह्य पनि छ एवं अभिन्न पनि छ त्यस्तै जो विषय दृश्य र त्यो देख्ने द्रष्टा छ त्यो नै दृश्य हो । ती दुइ एकै वेदन ज्ञान हो । किन भने द्रष्टा, दृश्य, विषयविषयिभाव चित् तादात्म्य वाहेक अरू कसैले निरूपणगर्न सक्तैन । ६।२-१६१।४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाम्यत्यशान्तमेवेदं स्थितमेव विलीयते ।
दृश्यं तत्त्वपरिज्ञानाद्‌दृश्यमानं न दृश्यते ।। ६।२।१६२।२६

यो दृश्य शान्त नभैकन शान्त हुन्छ । रहिरहेर नै विलाउँछ । तत्त्वज्ञानले देख्ता देख्तै पनि देखिने वस्तु अरुवाट देखिंदैन ।
६।२–१६२।२६

तथानुभूयमानापि सर्गसंवेदनाम्बरे ।
चिन्मये तत्त्वविज्ञानाच्छून्यतैवावशिष्यते ।। ६।२।१६२।२८

त्यस्तो अनुभव गरिने सत्य पदमा प्राप्त भएको पनि सृष्टिज्ञान तत्त्वज्ञानले चिन्मयाकाशमा शून्यता मात्र वाकी रहन्छ ।
६।२–१६२।२८

चिन्मात्रं पुरुषं विद्धि चेतनाज्जीवनामकम् ।
यच्चेतति स जीवोऽन्तस्तन्मयो भवति क्षणात् ।।६।२।१६३।४

चित्तमा प्राप्त भएको विषय प्रकाश गर्ने (चित्तको अधीन) हुनाले जीव चिन्मात्र पुरुष जान । जो चित्तवृत्तिले ढाकेर फैलाउँछ, त्यो जीव क्षणैमा तन्मय हुन्छ । ६।२–१६३।४४

संविदं संविदा काशे संरोप्य हृदि तिष्ठतः ।
स्वयमेव मनः शाम्येन्नीहार इव शारदः ।। ६।२।१६३।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तावच्छिन्न संवित्‌लाई अर्थात् जीवलाई दृश्य हृदयवर्ति (हृदयमा रहेको) संवित् आकाशमा (ब्रह्ममा) ऐक्य गरेर रहने मानिसको शरत्कालमा हिउँ झैं मन आफैं शान्त हुन्छ ।
६।२-१६३।७

अन्तः संवेदनं भाति स्वं बाह्यार्थतया यतः ।
क्व द्वैतं क्व च वार्थश्रीः स्मृतिरेवमतः कुतः ।। ६।२।१६७।२८

बाह्य विषय आफ्नो अन्तःकरणमा ज्ञानस्वरूपले प्रकाश भएपछि द्वैत, विषय, स्मृतिहरू केही हुदैनन् । ६।२-१६७।२८

अत्यन्तासंभवं दृश्यं यद्वै निर्वाणमासितम् ।
शुद्धबोधोदयं शान्तं तद्विद्धि परमं पदम् ।। ६।२।१७४।२१

जो निर्वाण दृश्यको अत्यन्त असंभव भइरहेको छ त्यही शुद्ध ज्ञानको उदय शान्तस्वरूप परमपद जान । ६।२-१७४।२१

सम्यग्ज्ञानवतो ज्ञस्य यथाभूतार्थदर्शिनः ।
बुद्धिर्भवति चिन्मात्ररूपा द्वैतैक्यवर्जिता ।। ६।२।१८६।५१

सम्यग् ज्ञानभएका यथार्थदर्शी महात्माको बुद्धि द्वैत, ऐक्य नभएको चिन्मात्र रूप हुन्छ । ६।२-१८६।५१

ज्ञानस्य ज्ञेयता नास्ति केवलं ज्ञानमव्ययम् ।
अवाच्यमिति बोधोन्तः सम्यग्ज्ञानमिति स्मृतम् ।।६।२।१९०।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिष्ठान चिन्मात्ररूपको क्षय ता हुदैन। केवल ज्ञान अविनाशी भन्न नसकिने छ। यसकारण अन्तः (भित्र) बोध हुनु सम्यग् ज्ञान हो भन्ने वताइएको छ। (यो सवै दृश्यको बोधमा दृश्यलाई छाडी बोधमा मात्र पर्यवसानहुनु नै तत्त्वसाक्षात्कार हो।६।२–१९०।५

बोधमात्रं भवेज्ज्ञानं भावसाधनमात्रकम्।
न ज्ञानज्ञेययोर्भेदः पवनस्पन्दयोरिव ।। ६।२।१९०।७

भावार्थ (धातुको अर्थ) मा ज्ञा धातुदेखि ल्युट् प्रत्यय भएर वनेको ज्ञान शब्दको अर्थ बोध मात्र हो। हावाको र स्पन्दनको झैं ज्ञान र ज्ञेयको भेद छैन। अर्थात् जगत् ज्ञेय ज्ञानको मायाले वनेको हो।
६।२–१९०।७

द्रष्टा नयाति दृश्यत्वं दृश्यस्यासंभवादतः।
द्रष्टैव केवलो भाति सर्वात्मैकघनाकृतिः ।। ६।२।१९०।२५

दृश्यको असम्भव हुनाले (अर्थात् दृश्यबाट नदेखिने भएकोले) द्रष्टा दृश्य हुदैन। यसकारण केवल सर्वात्मा घनस्वरूप द्रष्टा नै प्रकाश हुन्छ।
६।२–१९०।२५

बोधात्मनि न मोक्षोऽस्ति न बन्धोऽस्तीति निश्चयः।६।२।१९०।३९

बोधस्वरूप आत्मामा मोक्ष तथा बन्धन पनि छैन भन्ने निश्चय छ।
६।२–१९०।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिद्भात्येव हि सर्गादौ कचन्ती भाति सर्गवत् ।
भासनीयं च भानं च रूपं यत्र स्वयंप्रभा ॥६।२।१९१।९

सृष्टिको आदिमा चिन्मात्र प्रकाश छ । सृष्टिलाई प्रकाश गरे झैं भई स्वयं प्रकाश भएर रहेको छ। प्रकाश्य, प्रकाश, रूप जुन सृष्टिको आदिकालमा आफ्नो प्रभा छ त्यो प्रकाशरूपले रहेको छ।
६।२–१९१।९

सर्वं शान्तं निरालम्बं विज्ञानं केवलं स्थितम् ।
अनन्तं चिद्घनं व्योम नीरागमपकल्पनम् ॥ ६।२।१९२।३

शान्त आलम्बन न भएको केवल विज्ञानस्वरूपले रहेको अनन्त कल्पना गर्न नसकिने रागरहित घन चिदाकाश छ ।
६।२–१९२।३

अभिन्नबोधसद्रूपस्वरूपानुभवे स्थितः ।
व्युत्थितः सन्निरुद्धश्च यः पश्यति स शाम्यति ॥६।२।१९४।१७

जो व्युत्थित निरुद्धसमाधिमा आरूढ भई अभिन्नबोध सद्रूप स्वरूपानुभवमा रहन्छ । अर्थात् समाधिद्वारा आफ्नो स्वरूप अनुभव गरी निरोध र व्युत्थानलाई उदासीनवृत्तिले जो हेर्छ त्यही संसारको विक्षेपबाट शान्त हुन्छ । ६।२–१९४।१७

प्राप्तज्योतिर्बोधशुद्धिः परमन्तः प्रकाशवान् ।
नीहारः शरदीवाशु स्वयमेवोपशाम्यति ॥ ६।२।१९४।४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मज्योति पाएको ज्ञानले शुद्ध अन्तःकरणप्रकाशभएको मानिस शरद्ऋतुमा कुहिरो झैं आफैं शान्त हुन्छ । ६।२–१९४।४०

निवार्य निजआत्मायं परिवृत्यावलोकितः ।
चेत्योन्मुखत्वमुत्सृज्य संतिष्ठेच्छान्त आत्मनि ।। ६।२।१९५।३२

यो आफ्नो आत्मा (मन) बाह्यदृष्टिबाट हटाएर एवं विषयको उन्मुखतालाई पनि त्यागेर समाधिमा लगाई चरमसाक्षात्कारवृत्तिले हेरी शान्तभएर आत्मामा रहनू (आतम चिन्तन गर्नू) ६।२१९५।३२

बृंहति ब्रह्मणि ब्रह्म ब्रह्म व्योमनि वर्द्धते ।
न चोपपद्यते किंचिद्ब्रह्म व्योम्नि विबृंहणम् ।।६।२।१९५।४६

ब्रह्म–ब्रह्ममा बढ्दछ । आकाश आकाशमा बढ्दछ । ब्रह्म आकाशमा बढ्दछ भन्नु कुनै युक्तिसङ्गत होइन । ६।२–१९५।४६

स्वभावः कारणं नाम संसारोत्तरणं प्रति ।
असंसक्तं मनो यस्य स तीर्णो भवसागरात् ।। ६।२।१९९।३२

संसार तर्नामा यथार्थस्वरूपले भएको ज्ञानरूपस्वभावकारण छ । जसको मन कुनै विषयमा लाग्दैन त्यो मानिस भवसागरबाट पार हुन्छ । ६।२–१९९।३२

चिद्रूपब्रह्मसङ्कल्पवशादेवैतदङ्ग सत् ।
चिदुन्मेषनिमेषौ यौ तावेतौ प्रलयोदयौ ।। ६।२।२०८।९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत् सत् छ भन्ने मन हुनु पनि चिद्रूपको संकल्पवशले नै हो। जो चित्को उन्मेष (प्रकाश) निमेष (अप्रकाश) हो त्यही प्रलय र उदय हो। ६।२-२०८।९

ब्रह्मैव तदिदं सर्वं निर्नामैवामलं नभः।
किमप्येवाजमाशान्तमादिमध्यान्तवर्जितम् ॥ ६।२।२११।३

यो सबै दृश्यजगत् अनिर्वचनीय, अज, शान्त, आदिमध्य-अन्त न भएको नामरहित निर्मल ब्रह्माकाश नै हो। ६।२-२११।३

चिद्भानमात्रमित्युक्तं ब्रह्मेति कलिताभिधम्।
परात्परमिति प्रोक्तं तत्तु निर्नामकं पदम् ॥ ६।२।२११।४

ब्रह्म र परात्पर भन्ने नाम पनि चिद्भान मात्र हो। त्यो चिद्भानको नाम पद केही छैन। ६।२-२११।४

चिन्मय हजूरका विषयमा हे प्रभो! विवाद कसरी हुन्छ? शुद्ध स्वरूप हजूरमा वन्ध र मोक्ष स्वप्नमा देखिएको वन्ध र मोक्ष झैं हो। २९

तपाई सवैको हृदयमा रहनु भएको छ। तपाईमा सवै रहेको छ। वास्तविक तपाई आधार रहित वासुदेव कहिनुहुन्छ। ३०

जस्तो शिपिमा रजत (चाँदी) भान हुंदा सिपि भन्ने ज्ञान भएपछि रजत रहंदैन त्यस्तै तपाईको विवर्त यो संसार तपाईको ज्ञान भए पछि हट्तछ। ३१

हजूर मूलक (हजुरदेखि पैदा भएको) यो संसार हजूरदेखि भिन्न छैन। हजूरको कृपाको लेश मात्रले भक्तिमान् पुरुष सवै थाहा पाउँदछ। ३२

हजूरको भक्तिवाट विमुख भएकाहरूलाई सयौं कल्पसम्म पनि ज्ञान हुँदैन। यसकारण हे महा विष्णु! म हजूरको चरण खोज्दछु। ३३

हे नाथ! हे दयानिधे! दया दृष्टिको कटाक्षले हेर्नु होस्। शरणमा आएको मलाई संसार रूपी दुःख समुद्रवाट रक्षा गर्नु होस्। ३४

महा विष्णुको यो स्तोत्र जसले भक्तिपूर्वक पाठ गर्दछ त्यसले चिताएको कुरा र ज्ञान पनि चाँडै नै पाउँछ। ३५

इति शिवरहस्ये श्री महाविष्णु स्तोत्रम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीब्रह्मस्तोत्र

हृदय कमलको बीचमा रहेको, नाना किसिमको भेद शून्य, निराकांक्ष, समस्त ऐश्वर्य पाएका विष्णु, शिव, ब्रह्माले थाहा पाइने, योगीहरूले ध्यानद्वारा जानिने, जन्म मृत्यु निमित्तक भयलाई नाश गर्ने, सदा स्थायीस्वरूप र ज्ञान स्वरूप भएका, सबै भुवनको कारण, चैतन्य चेतन ब्रह्मको म ध्यान गर्छु ।

सधैं स्थायी भएर रहने, सबै लोकको आधार भएका ब्रह्मलाई नमस्कार । चैतन्य विश्वरूप आत्मा भएका ब्रह्मलाई नमस्कार ! सजातीय विजातीय आत्मामा रहेको भेद शून्य तत्त्व भएका, मुक्ति दिने ब्रह्मलाई नमस्कार! सबै वस्तुमा रहेका सत्त्व रज तमो गुण रहित ब्रह्मलाई नमस्कार ।

केवल तपाई शरण लिनामा साधु हुनु हुन्छ केवल मुख्य तपाई जन्म मृत्यु दु:खदेखि डराउनेहरूले उपासना गरिने हुनु हुन्छ । तपाई एक जगत् निर्माण गर्ने रक्षा गर्ने नाश गर्ने हुनु हुन्छ । तपाई मुख्य नै श्रेष्ठ निश्चल नाना किसिमको कल्पनाले शून्य हुनु हुन्छ ।

तपाइं भयको पनि भय, भयानकको पनि भयानक, प्राणीहरूका पनि गति, पवित्र गर्नेहरूलाई पवित्र पार्ने, स्थान मध्यमा ठूलो स्थान, अथवा ब्रह्मादिहरूको पनि नियन्ता, श्रेष्ठहरूको पनि श्रेष्ठ रक्षा गर्नेहरूको पनि रक्षा गर्ने हुनु हुन्छ । हे परेश! ब्रह्मादिहरूका पनि मालिक हे प्रभो! नियन्ता गर्ने सर्वरूप प्रकाश गर्ने निर्देश गर्न नसकिने (देखाइन नसकिने) सबै नेत्रादि इन्द्रियहरूले नपाइने परमार्थ सत्यले शोभित, मनको पनि विषय नभएका, कहिले पनि क्षर (चल) नहुने रूपादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहित, व्यापक, जगत् प्रकाश गर्ने, चन्द्र सूर्यका पनि, ईश्वर भक्ति बुद्धि आदिको विश्लेषण (वियोग) देखि रक्षा गर्नु होस् ।

त्यही एक स्मरण गर्छौं त्यही एक जप्तछौं । जगत्मा साक्षीरूप त्यही एक ब्रह्मलाई नमस्कार गर्छौं । ब्रह्म एक, जगत्कोआश्रय भूत, आश्रय शून्य, संसाररूपी समुद्रका जहाज, शरण्य, ब्रह्मको शरण पर्छौं ।

परमात्मा ब्रह्मको पञ्चरत्न (पाँच श्लोक) यो स्तोत्र जसले पवित्र भैं पाठ गर्ला त्यसले ब्रह्मसायुज्य पाउला ।

प्रदोषमा नित्य, विशेष सोमवारमा यो स्तोत्र पाठ गर्नू । बुद्धिमान्ले ब्रह्म निष्ठ आफ्ना बान्धवहरूलाई सुनाउनू, बुझाउनू ।

इति श्री महानिर्वाणतन्त्रे तृतीयोल्लासे ब्रह्मणः स्तोत्रम् ।

श्रीचतुःश्लोकीभागवत

परम गुह्य विज्ञान युक्त रहस्य युक्त अङ्ग सहित मैले वताएको शास्त्रबाट ज्ञान लेऊ । १

मेरो स्वरूप जस्तो छ मेरो सत्ता जस्तो छ जस्तो रूप गुण कर्महरू छन् ती सवै तत्त्वको ज्ञान मेरो अनुग्रहले तिमीलाई होस् । २

म नै सृष्टि भन्दा पहिले थिएँ अरू केही थिएन । जो स्थूल र सूक्ष्मको कारण ममा नै लीन थियो । सृष्टिको पछाडि पनि म नै छु । जो यो विश्व छ त्यो पनि म नै हुँ प्रलयमा जो बाँकी रहन्छ त्यो पनि म नै हुँ । (यसबाट अनादि, अनन्त र अद्वितीय हुनाले म परिपूर्ण छुँ) भन्ने बुझिन्छ । ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक चन्द्रमामा नभएको दुई चन्द्रमाको भान झैं वास्तविक वस्तु नभैकन पनि जसबाट वस्तु झैं आत्मामा प्रतीति (ज्ञान) हुन्छ । ग्रह मण्डल भए तापनि राहु नदेखिए झैं सत्य वस्तु (आत्मा) पनि जसबाट आत्मामा प्रतीति नभएको जस्तो हुन्छ त्यही मेरो माया हो भनी जान ।४

जस्तै पञ्च महाभूत भूतविकारमा सृष्टिको पछाडि प्रवेश गरेको छ (कार्य स्वरूपले रहेको छ) सृष्टि भन्दा पहिले कारण स्वरूपले रहेको र अलग पनि रहेकोले भूतविकारमा प्रवेश गरेको छैन । त्यस्तै पञ्च महाभूत र त्यसको विकारमा म पसेको छु पसेको पनि छैन । ५

आफ्नो यथार्थ स्वरूप जान्न खोज्नेहरूले यही नै विचार गर्नु पर्छ कि अन्वय (कार्यमा कारण रूपले रहनु) व्यतिरेक (कारणावस्थामा ती कार्यहरूबाट अलग रहनु) दुवै दृष्टिबाट जो सबै ठाउँमा संधै रहन्छ त्यही आत्मा हो । ६

ठूलो समाधि (चित्तवृत्ति निरोध) ले यो मैले बताएको तत्त्वोपदेश लिए पछि तिमी कल्प विकल्पमा कहिले पनि मोहमा पर्ने छैनौ । ७

श्रीसिद्धिलक्ष्मीमाहामायास्तोत्र

सिद्धिलक्ष्मी देवी कार्यकारण दुवै स्वरूप छन् । सर्वत्र व्यापक र अखण्डैकरस छन् । विशेष रहस्य जिज्ञासुहरूले गुरुमुखबाट श्रवण गर्नु पर्दछ ।

श्रीअमृतकलाख्यस्तोत्र

आधार, सबभन्दा पहिले भएकी– सबैको कारण चैतन्य शक्ति रूप, प्रकृति महत्तत्व अहङ्कार र रूप रस शब्द गन्ध स्पर्शले रहित, सत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रज तमो गुणको कार्यदेखि रहित इच्छा चेष्टा शून्य, वासना नाशगर्ने, शुद्ध चैतन्यरूप, जीव चैतन्य प्रकाशको कल्पनाले आफू स्वयं परमानन्द घन ज्ञानधारा प्रकट गर्ने ती भवानी सिद्धिलक्ष्मीले मेरो चित् जडरूपी द्वैतभावलाई देख्ने विचारलाई हटाऊन् । ॥२॥

जुन हजूरमा, साधारण ज्ञान देखि रहित बुद्धिद्वारा यो विशाल रूपमा देखिएको जगत् उनिएको थाहा हुन्छ, जुन हजूरमा फेरि तत्क्षणमा (निर्विशेषंज्ञानद्वारा) जगत् छिन्नभिन्न हुन्छ अर्थात् लीन हुन्छ, यी सवै पदार्थहरू सूक्ष्म सूत्रस्वरूपमा कल्पना गर्नाले नै (स्थिति रूपमा) प्राप्त हुन्छन् । चित्त जडरूपीद्वैताकार एवं विषयी, गुणहरू तथा पञ्चमहाभूतको भावना हटेपछि केवल कैवल्यनिर्विशेष अनन्तमूर्ति भएकी सिद्धिलक्ष्मी सदा हृदयमा फुर्दछिन् । ॥३॥

सृष्टिको आदिमा सृष्टिको मध्यमा जगत्को अन्तकालमा पनि नित्य भएकी, तीनै लोकमा पनि एकै रूप भएकी संसार परिणाम भएपछि जस्तो भएपनि हुनु हुनेछ । शिवका साथ आफ्नो महिमाको अतिशयले अनन्तशक्ति भएकी ती सिद्धिलक्ष्मी मेरो हृदयमा हरवखत घुम्दै विहार गरुन् । ॥४॥

जुन हजूरको आराधना गरेर ऐश्वर्य पाएका कमलयोनि ब्रह्माले तीन लोक सृष्टि गर्छन् । जसको प्रसादले विष्णु तीन लोकको पालना र दैत्यहरूको संहार गर्दछन् । जसको भक्तिले शिव तीनै जगत्को संहार गर्दछन् । ती प्रत्यङ्गिरा नाम गरेकी त्रिपुरहरवधू (भवानी) ले मेरो मोह जाललाई काटी दिऊन् ।

योनि (कृष्ण) रूप भएकी पनि सेतो रूप भएकी, नजन्मने भएकी पनि पर्वतराज हिमालयकी कन्या भएकी जो पति नभएकी पनि शिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पति भएकी, जो संहार गर्ने भएकी पनि शान्त स्वरूप भएकी, जो आकार नभएकी पनि दशहात भएकी, जो अण्डरूप भएकी पनि ठूलो रूप भएकी, सबै देशको सिद्धि दिने ती सिद्धिलक्ष्मीले मलाई मुक्ति देऊन्। ।।६।।

जस्तो डोरीमा सर्पको भ्रान्ति, सिपिमा चाँदीको भ्रान्ति र बालुवाका किरणमा जलको भ्रान्ति हुन्छ, त्यस्तै यसरी नै हे मातः हजूरमा त्यही भ्रमद्वारा देखापर्न आएका पृथ्वी तेज वायु जल र आकाशहरूको भ्रान्ति ज्ञान नाश भएपछि, जडरूपविषय र चेतनरूपविषयीको त्यो विशेष विवेक भएपछि आफ्नो सत्य स्वरूप प्रकाशित हुन्छ। हे पर्वतराज पुत्री ! हजूर ता संधै प्रकाश आत्मरूप हुनुहुन्छ। ।।७।।

जस्तो मेघले आँखा ढाकिएकाहरूले प्रकाशमान सूर्यको बिम्बलाई त्यही बादलले ढाकिएको र दबेको ठान्दछन् त्यस्तै खराब सिद्धान्त अर्थात् द्वैत शास्त्र अनुसार काम गर्ने तथा चित् जडरूपी द्वैतजन्य अज्ञानको सेवागर्ने द्वैतवादीहरू पनि हजूरलाई यस्तै नै ढाकिनु भएको मान्दछन्, तर जस्तो हावाले बादल हटे पछि ती सूर्य निरन्तर चम्किरहेका हुन्छन्, त्यस्तै शास्त्रको अवलोकनले मोहजाल हटे पछि त्यो पुरुष अन्तः प्रकाशमान हुन्छ। हजूर पनि शुद्ध चैतन्यरूप प्रकाशमान रहनु भएको छ। ।।८।।

जुन त्यो रूप सर्वश्रेष्ठ, सूक्ष्मतर, निर्मल, निर्विकार, शान्त, भाव अभाव प्रपञ्चको क्षयदेखि पनि रहित, निरन्तर ध्यानबाट मात्र साक्षात्कार हुने, व्यक्त र अव्यक्त प्रकाशमा स्फुरित, तोक्न नसकिने, ॐकार ब्रह्मरूप छ, ज्ञानरूपयोगबाट मात्र जानिने भएकी हे माता सिद्धिलक्ष्मी मेरो हृदयमा फुर्नु होस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजूर शरीरदेखि अलग हुनु हुन्छ। अव्यवहित परमानन्दरूप हुनुहुन्छ । हजूर ब्रह्माकार हुनुहुन्छ । आफ्नो कलाले शुद्ध सत्त्व स्वभाव भएकी हुनु हुन्छ । हे देवि । हजूर मुक्तिका निमित्त संकल्पवाट हुने वन्धन छोडेकी मूल कारण हुनु हुन्छ । हजूर सृष्टि स्थिति संहार गर्ने हुनु हुन्छ । हजुर गुणकलाको विषय हुनु हुन्छ । ॥१०॥

हे जननि! हजूरको अव्यक्त रूप म चिताउन सक्तिन । हजूरको आकार पनि नेत्रले ग्रहण गर्न सक्तैन । हजूरको महिमा वचनले वयान गर्न सक्तैन । हजूरको महत्त्व चित्तले चिताउन सक्तैन । केवल ध्यानले मात्र थाहा पाइने हजूर परम कल्याणआकाररूपीपर्यङ्क (पलङ) मा क्रीडा गर्ने अनन्त मूर्ति हुनु हुन्छ । त्यो त्यो गुण समूहको माहात्म्यलाई ध्यान गर्ने योगले के हुन्छ ? ॥११

हजूर ऐनाको बिम्ब जस्तो शुद्ध आचार लिएर निर्मल स्वरूप हुँदै स्वच्छ शुद्ध प्रकाशमान रूप हुनु हुन्छ । परमात्मस्वरूप नै आफ्नो विश्राम स्थान भएकी हजूरले प्रतिबिम्ब रूप जीवबाट आफ्नो प्रतिविम्व लिनु हुन्छ । त्यसकारण जीव र हजूरको अभेद राम्ररी सिद्ध भएपछि तथा महा अज्ञानको आसक्तिरूपी वासना हट्तै गएपछि हेमातः अकस्मात् हजूरमा भक्तहरूको स्वच्छ निर्विशेष कैवल्य–मुक्ति उदित हुन्छ । ।१२

जुन अनन्त शक्ति भएकी हजूरले यो सवै ब्रह्माण्ड व्याप्त गरेको छ । हे देवी सृष्टिको आदिमा ब्रह्मा विष्णु महेश्वर यी तीन देवताहरूलाई हजूरले नियुक्त गर्नु भएको छ। कर्मरूपी धागोले र वासनाले यो तीनै जगत् बाँधिएको छ । हे परशिवमहिले सिद्धिलक्ष्मी हजूर बाहेक अरूको स्तुतिले के हुन्छ ? ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीन वेदको आदिमा हजूर ॐकार रूप हुनु हुन्छ । यज्ञकर्ममा हजूर मन्त्रपूर्वक आहुति हुनु हुन्छ । वेदान्तमा ब्रह्म विद्या र प्रकृति पनि हुनु हुन्छ । कामन्दकीय शास्त्रमा नीति स्वरूप हुनु हुन्छ । मीमांसाको विधिहुनु हुन्छ । स्मृतिमा आधार र धर्मस्वरूप हुनुहुन्छ । त्रेताग्निमा (दक्षिणाग्नि गार्हपत्य आहवनीय) स्वाहा हुनु हुन्छ । हे सिद्धिलक्ष्मी आगमशास्त्रमा अनेक स्वरूप भएकी हुनु हुन्छ । ॥१४॥

हे अम्ब ! हुन ता हजूर सत्त्व रज तम यी तीन गुणमयी भएर संसार सृष्टि गर्नु हुन्छ । हुन ता दशहातले चम्किलो हतियार लिनु हुन्छ । हुन ता विश्वको उपकारमा मन लगाएकी हजूर उग्र उग्र (डरलाग्दो मूर्ति) लिई दैत्यहरूको संहार गर्नु हुन्छ । तैपनि हे त्रियनमहिषि ! हजूर साक्षात् ब्रह्मरूप हुनु हुन्छ । ॥१५॥

हे देवी ! तिनै जगत्मा वस्ने प्राणीहरूको हजूर कै पाशो भएका मोह अविद्या अहङ्कार इच्छा नियति (भाग्य–दैव) गुण फल क्लेश (दुःख) कर्मवासना द्वेषहरू बन्धनका निमित्त हुन्छन् । सच्चिदानन्दको अनुभवले चिदानन्दकैवल्य स्वरूप भएका कर्तृत्व बुद्धि विनाशका निमित्त हजूरमा बढेको महाभक्ति गर्ने भक्तहरू बनून् । ॥१६॥

अद्वैतको उपाधि स्वरूप बन्धनलाई शान्त गरी परमार्थ स्वरूपले प्रकाशमानभएकी साक्षी आत्मामा आनन्दस्वरूपले रहेकी कार्य कारणरहित चैतन्यरूप भएकी, जीवको अविद्या प्रकृतिवाट हुने जन्म मरणादिरहित भैकन सूक्ष्मरूप भएकी ज्ञानले मात्र अनुभव गरिने सवैंको गति हजूर सिद्धिलक्ष्मीलाई नमस्कार गर्छौं । ॥१७॥

सत्य युगमा हजूर प्रत्यङ्गिरा, त्रेता र द्वापरमा चण्डा र कापालिनी कलियुगमा सिद्धिलक्ष्मी भन्ने प्रसिद्धि हजूर कै छ । ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण एकाग्र चित्त गरी यो स्तोत्र पाठ गर्ने मानिस अमृत र धर्म अर्थ काम जे चिताए पनि पाउँछ । १६। संसार रूपी पाशोले बाँधिएका सवैको बन्धनको मुक्तिका निमित्त पहिले संसारको यातना देखेर मैले बिन्ति गर्दा देवीले आफ्नै मुखले आफ्नो स्वरूप वताउनु भयो। यो स्तोत्र पुण्यवान्लाई दिनु ॥२०-२१॥ यो तन्त्रमा मेरो स्तोत्र राखिएको छ । यो स्तोत्र पाठ गरी नवाक्षरी मन्त्र जप्ने साधकले शीघ्र नै सिद्धिलक्ष्मीलाई पाउँछ । विद्याको इच्छा गर्नेले अनायासले विद्या पाउँछ ॥२३॥ त्यस्तै धनको इच्छा गर्नेले धन, धर्मको इच्छा गर्नेले धर्म, केही इच्छा नगर्नेले मोक्ष, अरूहरूले इच्छा माफिक पाउँछन् । २४। यो स्तोत्रले खाली मोक्ष मात्र पाइने होइन कि सवै आपत्तिलाई पनि नाश गर्छ । २५। संग्राममा शस्त्रबाट रक्षा गर्छ । जङ्गलमा हिंस्रक जन्तुदेखि बचाउँछ । घना जङ्गलमा चोरदेखि, समुद्रमा आँधीदेखि बचाउँछ । २६। वनमा डढेलोदेखि राजाको वन्धनदेखि, वज्रदेखि पानीमा डुब्नुदेखि बचाउँछ । तीन आवृत्ति पाठ गर्नाले बालग्रह नाश हुन्छ । एक आवृत्तिले पापराशि सय आवृत्तिले दारिद्र्य नाशगर्छ । ।२८। हजार आवृत्तिले महामारी दश हजार आवृत्तिले मृत्यु नाशगर्छ । ॥२९॥

श्रीनवाक्षरीस्तोत्र

ॐकारको आसनमा वसेकी वेदरूप सनातनी परब्रह्ममा लागेकी नित्य सावित्रीलाई प्रणाम गर्छु । ॥१॥

विश्वरूपिणी शान्त चिद्रूप प्राणस्वरूप अकला रकलाको बीचमा रहेकी भुवनेश्वरीलाई नमस्कार गर्छु । ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हूंकारले दैत्यलाई भयभीत गर्ने सुषुम्नाको मध्यमा घुम्ने कालान्ताग्निबाट पैदा भएकी कुब्जिकालाई प्रणाम गर्छु । ॥३॥

शिवान्तमा संधै लीन भएकी षट्चक्रको क्रमलाई भेदन गर्ने तेजको भित्र पाउराख्ने देवीलाई नमस्कार गर्छु । ॥४॥

डरलाग्दी प्रकृति सूक्ष्मस्वरूप संसार आक्रमण गर्न सक्ने नित्य अंशनभएकी घोरानाम गरेकी कालीलाई प्रणाम गर्छु । ॥५॥

नित्य, विष्णुकी माया, निर्गुण स्वरूप, गुणले राम्री, महामाया, मोह गर्ने सिद्धिलक्ष्मीलाई नमस्कार गर्छु । ॥६॥

तीनै कालमा लीन भएकी त्रिस्वरूप त्रयेश्वरी महाकुण्डलिनी शुद्धरूप त्रिपुरसुन्दरीलाई नमस्कार । ॥७॥

जसको लीला भुवनमालिनी देवी गर्न सक्तिनन् । जसको आज्ञाले संसार चल्दछ ती कालसंकर्षणीलाई नमस्कार । ॥८॥

मोक्षरूप, ब्रह्मरूप, लिंगाख्य, रूपशून्य, सर्वस्वरूप, सबैको मालिकनी, कल्याण दिने प्रत्यङ्गिरालाई नमस्कार गर्छु । ॥९॥

यो नवाक्षरी स्तोत्र सदाशिवले प्रकाश गरेको हो । धारण गर्नाले र पाठ गर्नाले वाक्यसिद्धि पाउँछ ।

श्रीपशुपतिपुरीमाहात्म्य

धर्म, अर्थ काम मोक्ष फलदिने पशुपतिको पुरीधन्य छ आगोमा तताएको सुन झैं जसको ज्योतिरूप महालिङ्गछ । ॥१॥

पशुपतिको दिव्य पुरी रात दिन प्रकाशमान छ । सूर्यले सबै जगत्प्रकाश गर्छ । ज्योतिर्लिंङ्गको तेजले अव्यक्त परम लिङ्ग दिनरात प्रकाशमान छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुवर्णमय देशमा सुवर्णदीपको ज्वाला झैं योगीहरूको मनमा नित्य ज्योतिको ज्वाला विराजमान छ ।

त्यो दीप ज्वालाको आकारलाई योगीहरूले मात्र देख्त छन् ।

जसले पशुपतिको दर्शन गरेका छन् ती मानिस धन्य छन् ।

हृदयमा झैं साक्षाद्विराजमान ज्योतिः पुञ्ज पृथ्वीको हृदयमा हरवखत् विराजमान छ ।

तेजको पुञ्ज भएको यो लिङ्ग सबैं मानिसले देख्न सक्तैनन् ।

देवताहरूले पनि दर्शन न पाउने त्यो ज्योतिर्लिङ्गको दर्शन नेपालका मानिस पाउँछन् । ती धन्य छन् ।

जुन् मानिस हरबखत् गएर त्यहाँ भक्तिभावले पशुपतिको दर्शन गर्छन् ती जीवन्मुक्त हुन्छन् संदेह छैन ।

श्रीदेवदेवीस्तोत्र

नीलाचलबाट योगीहरू मणिह्रद नाम भएको सिद्धक्षेत्रको दर्शन गर्न आकाश मार्गबाट छिटै त्यहाँ पुगे ।

योगीहरूले सवैक्षेत्र, जगत् विष्णुमय र पृथ्वी पर्वतलाई देवीको शरीरले ढाकेको देखे ।

योगीहरूले पाशुपत क्षेत्रलाई दण्डवत् प्रणाम गरे । जो जो देखेको छ त्यसलाई भक्तिभावले स्तुतिगरे ।

योगीहरूले भने । हे विष्णो अच्युत हरे, हे रुद्र स्थाणो भव ईश्वर, हे दुर्गे गौरी शिवे काली हजूरलाई नमस्कार मलाई चारैतिरबाट रक्षा गर्नु होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे उपेन्द्र हे पापमृत्युहर ईश्वर हे मृत्युनाश गर्ने देवी! तपाईंलाई नमस्कार नमस्कार ।

स्थितिर उत्पत्तिको मालिकलाई नमस्कार । संसार हरणगर्नेलाई नमस्कार । सृष्टिस्थिति नाश गर्ने इच्छाशक्तिलाई नमस्कार ।

मनोरूप कृष्णलाई, वुद्धिरूप महादेवलाई, ज्ञानरूपिणी शर्वाणि लाई सदा नमस्कार ।

जगत् व्याप्तिस्वरूप अजलाई, ऋक् स्वरूप लिङ्गलाई, जगत् व्याप्त स्वरूप (देवी) लाई नमस्कार ।

पर पद्मनाभलाई, परमेश शम्भुलाई, परापर प्रतीत (देवी)लाई नमस्कार ।

शब्द रूप अर्थलाई, प्रणव र नादरूप भएकालाई, स्वर व्यञ्जनरूप षडङ्गलाई नमस्कार ।

ऋक् आज्य यज्ञ रूपलाई यजु: हविस्वरूपलाई, साम दहन (अग्नि) रूप भोक्तृ भोग्याशीलाई नमस्कार ।

अनन्तरूप विष्णुलाई, बहु मूर्ति रुद्रलाई, बहुरूप आर्यालाई वचन हृदय अङ्गले नमस्कार ।

विष्णुले शङ्ख, चक्र, गदा, पद्मले, शिवले त्रिशूलादिले, शिवाले खड्ग चर्म अंकुशले विषम अवस्थामा मलाई रक्षागरून् ।

हरि देवी शम्भुको अगाडि जस्ले यो स्तोत्र भक्तिपूर्वक पाठ गर्छ त्यसको सवै पाप नाश हुन्छ र

त्यसलाई ठूलो आपत्तिमा पनि र ग्रहभूत पिशाचले दु:खदिएमा पनि देवताहरूले रक्षा गर्छन् । अन्त्यमा ब्रह्मपदमा पुग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगुह्येश्वरीस्तोत्र

भव ब्रह्माले वन्द्य भवोद्भूतनन्दा भवेशहरूले पूजीएकी भव्यरूप, आफ्नो प्रभाले राम्रो देह भएकी भवेशी भवानी सुभद्राको म भजन गर्छु (सेवा गर्छु)

महाकाल रात्रिस्वरूप कृश शरीर सुगुह्य नाम भएकी कृष्णा, डर लाग्दो मुख भएकी प्रकाम्याभ काली कुमारी अम्बिका आर्या अकारादिरूप भद्रकालीको म भजन गर्छु ।

मृडानी अपर्णा चिदानन्दरूप शिवा ईश्वरी चण्डिका मोहरात्रि सुनन्दा जयन्ती वस्त्रले शरीर सिंगारेकी वेद र धर्मरूप सिंहवाहिनीको म भजन गर्छु ।

महेशकी प्रिया, पार्वती गुह्यकाली मणिले शोभमान सिंहासनमा वसेकी मनको इच्छा पूरा गर्ने देवताहरूले सेवा गरिएकी वन्दनीय ज्ञानरूपकुमारीको भजन गर्छु ।

विधात्री प्रचण्डा सुकेशी जगत्को सार जन्म भएकी, मानिसको हृदयमा वसेकी, जगत्को जीवरूप भएकी, जगत् पैदागर्ने जटाजूटले शुभ्र भएकी प्राण रूपको भजन गर्छु ।

तपगर्न लागेकी रजोगुणको सेवागर्ने एवं सत्त्व गुणमा रहेकी उमा प्रचण्डकोटि सूर्य जस्तो तेज भएकी कलादिदेखि क्षयको अन्तसम्म रहने एक सत्स्वरूपको अन्तकालमा भजन गर्छु ।

योगीहरूको हृदयकमलमा विराजमान शुद्धचित्तले पाइने ठूला योगीहरूको वन्दनीय भएकी सूर्य–चन्द्र रूप दुई नेत्र भएकी वीणालिएकी मनोज्ञ देवीको भजन गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदी समुद्र आकाशमा वस्ने वीणा लिएकी महोग्र चितामा वसेकी श्रृगालीको शब्द गर्ने हर (महादेव)को प्राण, देवताहरूले ध्यान गरिने प्रतापले प्रचण्ड असुरको प्राण नाश गर्ने देवीको भजन गर्छु ।

प्राणीको हृदयकमलमा विराजमान विवेकीहरूले सँधै ध्यान गरिने हे अम्व मायाको अंशले स्वरूप रक्षा गर्ने हजूरलाई विवेकीहरू आफ्नो चित्तमा रहेकी भन्दछन् ।

दैत्यहरूको रक्तपातले रातो जिभ्रो भएकी वेदको अङ्ग रूप र वेद पनि हजूर ईश्वरी र वीणा पनि हजूर आद्या अनादि हजूरको भजन गर्छु ।

भक्तियुक्त जनले शिवको अगाडि यो स्तोत्र पाठ गरेमा धर्म काम मनोरथ प्रभूत्व मुक्ति जय सर्वसिद्धि पाउँछ यसमा केही विचार छैन । (सन्देह छैन) ।

श्रीसुधाधारास्तोत्र

चिताई नसकिने अमित आकार र शक्ति स्वरूप भएकी, प्रत्येक व्यक्तिको अधिष्ठान, सत्त्वमूर्ति, त्रिगुण रहित, द्वन्द्वशून्य केवल ज्ञानले मात्र थाहा पाइने हजूर एक परब्रह्म रूपले सिद्ध हुनु हुन्छ । ।।१।।

गोत्र र आकृति नहुनाले, व्यभिचार नहुनाले, आगमन पनि न देखिनाले, सवैको खाति र हुनाले, प्रपञ्चको आलय (गृह) हु नाले कुनै कार्य प्रारम्भ नगर्नालि हजूर एक परब्रह्म रूप सिद्ध हुनु हुन्छ । ।।२।।

असाधारण हुनाले, सम्वन्ध नभएको हुनाले, भिन्न आश्रय नभएको हुनाले, आकार नभएको हुनाले, अविद्या स्वरूप हुनाले, आदि अन्त नभएको हुनाले, हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ । ।।३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब ब्रह्मा विष्णु रुद्र काल पृथ्वी जल तेज वायु आकाश चार दिशा थिएनन् त्यस बखत कारण भएको हजूरको सत्त्वमूर्ति मात्र थियो यसकारण हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥४॥

मीमांसक काणाद तर्क साङ्ख्य योग वेदान्त वेद देवताहरू हजूरको निराकार भाव जान्दैनन्। हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥५॥

हजूरको नाम गोत्र छैन जन्म मृत्यु छैन धाम (स्थान) छैन चेष्टा छैन दुःख सुख छैन मित्र शत्रु छैनन् बन्ध मोक्ष छैन। हजूर परब्रह्म सिद्ध हुनु हुन्छ। ॥६॥

हजूर बालक हुनु हुन्न तरुणो एवं वृद्ध हुनुहुन्न। हजूर स्त्री, पुरुष नपुंसक पनि हुनु हुन्न। देवता, असुर, मानिस पनि हुनु हुन्न। हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥७॥

पानीमा चिसोपना, आगोमा पोल्नेपना, चन्द्रमामा निर्मलपना, सूर्यमा तातोपना हजूरको शक्तिले नै भएको हो। हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥८॥

जो अमृत मथन गर्दा निस्केको हालाहल विष महादेवले पान गर्नु भयो फेरि अन्तकालमा जो संहार गर्नु हुन्छ त्यो हजूरको प्रसादले नै हो। आफ्नो शक्तिले होइन। हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥९॥

जगत् पालनाका निमित्त डरलाग्दो आकृति र हातमा हतियारहरू लिई असुरहरूको बध गर्नु हुन्छ। हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ। ॥१०॥

महाचण्डयोगेश्वरी गुह्यकाली कराली, महाडामारी अट्टहास गर्ने जगत् प्रकाशमानगर्ने चण्डिका पालिनी भन्ने हजूरको नाम छ। हजूर परब्रह्मले सिद्ध हुनु हुन्छ। ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रृगालिनीका साथ शब्द गर्ने कपाल लिएकी दैत्यहरू जित्ने रुधिर पान गर्ने प्रसन्न भएकी नाच्ने, लड्ने, हाँस्ने हजूर एक परब्रह्म सिद्ध हुनु हुन्छ । ॥१२॥

खुट्टा नभएर पनि वायु भन्दा बेगले दगुर्नु हुन्छ । कानले रहित भए पनि शब्द सुन्नु हुन्छ । नाक नभए पनि सुङ्नु हुन्छ । आँखा नभए पनि देख्नु हुन्छ । जिह्वा न भए पनि नाना रसको स्वाद लिनु हुन्छ । ॥१३॥

जस्तो आकाशमा रहेको सूर्यको एक बिम्ब, सवै पानीमा प्रतिबिम्व पर्नाले अनेक रूप हुन्छ त्यस्तै एक भएकी हजूर पनि तीनै लोकमा अनेक रूप भएकी हुनु हुन्छ । ॥१४॥

जस्तो कुमाले पाङग्रामा माटो घुमाएर माटाका भांडा गाग्रो वनाउँछ त्यस्तै आदि सृष्टिमा अदृश्यद्वारा महामोहरूपी यन्त्रमा घुमाएर मनुष्यहरू सृष्टि गर्नु हुन्छ । ॥१५॥

जस्तो रङ्ग–डोरी, सूर्य किरणमा मानिसलाई रूप, सर्प, पानीको भ्रम हुन्छ त्यस्तै हजूरमय भएको जगत्मा त्यो त्यो भ्रम लाई हटाउन हजूर एक नै समर्थ हुनु हुन्छ । ॥१६॥

हे उग्रमूर्ति भएकी भगवती हजूर ठूलो ज्योतिरूपी सिंहासनमा राखेर आफ्ना देवताहरूलाई हिंडाउनु हुन्छ । दुइ पाउले शिव र भैरवलाई टेकेर वस्नु हुन्छ त्यसकारण हजूर नै मुख्य हुनु हुन्छ भन्ने ठान्दछु । ॥१७॥

कहाँ त योगासासनमा वसेर योगमुद्राको अभिनय कहाँ त स्यालको सानु बच्चाको मुख लिनू । हे जगत्की आमा तपाइंको यस्तो अपूर्वलीला हे देवी हामी जस्ताले कसरी जान्नू । ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशुद्ध परचिन्मयी प्रकाशानन्दस्वरूप भएकी जगत्लाई ढाकेर हजूर रहनु भएको छ । यस्ती निराकार मूर्ति भएकी हजूरको हामीले हृदयभित्र के ध्यान गर्नूं । ॥१९॥

ठूलो डरलाग्दो कालरूपी अग्निको ज्वालाको समूहले शत्रुलाई नाश गर्ने महा अट्टहास गर्ने, जटाको भारले कालो वर्ण भएकी मुण्ड-माला पहिरेकी विशाल स्वरूप हे माता हजुर्को हामी ध्यान गर्छौं ॥२०॥

तपस्या गरेर शरीरलाई दुःख दिन्न । तीर्थमा गएर पाउ लङ्गडो तुल्याउन्न । वेद पढेर जन्म विताउन्न । हजूरको मङ्गलकारक पाउ ध्यान गर्छु । ॥२१॥

अरू देवताको उपासना गर्नेहरूलाई हेँला गर्ने, धर्मरूपी यज्ञलाई छाड्ने, हजूरको आराधनामा चित्त लगाउने मलाई यी धर्मराजका दूतहरूले के गर्लान् । ॥२२॥

विष्णु ब्रह्मा शिव अग्नि सूर्य इन्द्र आदि देवताहरूलाई म केही मान्दिन । केवल शिवले वताएका अनेक वाक्य प्रबन्धले हजुर्को पूजाविधि मान्दछु । ॥२३॥

मानिसहरू मेरो निन्दा गरुन् निन्दागरुन् । हे अम्ब! दाजुभाइहरूले मलाई छाडुन् छाडुन् । यमराजका दूतले नरकमा खसालुन् खसालुन् । हजुनैं मेरो एक गति हुनुहुन्छ एक गति हुनुहुन्छ । ॥२४॥

महाकालरुद्रले बताएको यो स्तोत्र सधैं भक्तिभावले जो भक्त पाठगर्छ । त्यसलाई रोग शोक अकाल मृत्यु केही पर्दैन । अन्तमा कैवल्य पाउँछ ।

॥२५॥

हे देवि ! यो सुधाधाराभिधस्तोत्र तिमीलाई बताएँ । यस्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दूर्वखत् अभ्यासले सिद्धि हातमा आउँछ । ।।२६।।

यो स्तोत्र कवच गद्य यी तीन नित्यपूजाको समयमा जतनले पाठ गर्नू । हे सुरेश्वरि ! यी तीन न भएमा अङ्ग पुग्दैन । ।।२७।।

श्रीपशुपतिस्तोत्र

स्कन्द आज्ञा गर्नुहुन्छ । हे अगस्त्य मुनि तेजको स्तम्भलाई देखी तिनको भनाइलाई सुनी छक्क भएर विष्णु र ब्रह्माले सर्वका आत्मा महेशान रुद्रलाई बुझाउन भक्तिपूर्वक शिरमा अञ्जलि राखी स्तुति गर्न प्रारम्भ गर्नुभयो । ज्योतिरूप ज्योतिका पति रुद्रलाई नमस्कार । तेजको स्तम्भ स्वरूप अज ईश्वरलाई नमस्कार । अव्यक्त लिङ्ग भएका, भक्तहरूका निमित्त व्यक्तलिङ्ग भएका व्यक्ताव्यक्त स्वरूप हजूरलाई नमस्कार । आद्य अनादि हृदयवर्ती हजूरलाई नमस्कार । अन्तश्चर अन्तःस्थव्यञ्जनलाई नमस्कार । जो ईशलाई जान्दैनन् ती पशु हुन् । ति पशुकापति हजूरलाई नमस्कार । नासिकाको अंश क्षिति (पृथ्वी) रूप रुद्रलाई नमस्कार । रसको अंश जलरूप उग्रलाई नमस्कार । नेत्रांश तेजोरूप भर्ग्यलाई नमस्कार । कर्णांश वायुरूप भीमलाई नमस्कार । व्योमरूप कण्ठांश ईशलाई नमस्कार । आकाशातीत देव महाव्योम स्वरूपलाई नमस्कार ।

अव्यक्त शब्दरूप र व्यक्त शब्दलाई नमस्कार । अनाहत निनादकारणध्वनिलाई नमस्कार । पर परमेश परापरलाई नमस्कार । परापर प्रतीत, जीवका परमात्मा आनन्दस्वरूप्र एक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सच्चिदानन्दरूप, निरानन्द, लिंग, नंदीलाई, नमस्कार । प्रणव-स्वरूप, स्वरांश, श्रुति, नादरूप, मूलरूप, त्रिमात्र मूल (ॐ कार) लाई नमस्कार । हे देव हजूरको मायाले मोहित भएकाहरू हजूरको भजन गर्दैनन् । हजूरको दयाले कटाक्षरूपी अमृतको धाराले हजूरको भजन गर्दछन् ।

स्कन्द आज्ञा गर्नुहुन्छ । ब्रह्मा विष्णुको मुखबाट निस्केको त्यो स्तुति सुनेर सन्तुष्ट भएका देवेश्वरले ती दुइलाई लिंगको दर्शन दिए । ती दुवै देवले तेजरूपी खम्बाको बीचमा एक कुरेत मात्रको लिंगको दर्शन गरे । त्यो लिङ्ग सुवर्ण चाँदी ताम्र स्फटिक मोतिको होइन । लक्षमात्र भएको शान्त केवल शिवात्मक त्यो लिङ्गको फेरि ब्रह्मा विष्णुले स्तुति गरे । लिङ्गदेव भीमरूप शूलीलाई नमस्कार । परलिङ्गलाई नमस्कार । पशुपतिलाई नमस्कार । देवाधिदेव सवै दहमा रहेकालाई नमस्कार । हजूरको शरणमा पर्छौं । हे रक्षेश रक्षा गर्नुहोस् । फेरि लिङ्गको बीचमा रहेको प्रकृतिले युक्त, चित्ररूप, महोज्वल, चतुर्भुज, एकमुख भएका व्याघ्रको छाला ओढेका नागको जनै पहिरेका नागको कुण्डल लगाएका दिव्य शरीर नागको बाजुले सिंगारिएका जटाको मुकुट धारण गरेका चन्द्रमाले निधार उज्यालो भएका त्रिशूल डमरु बीणा धनु लिएका शक्तिलाई आलिंगन गरेका हजारपात भएको कमलमा पद्मासन गरी वसेका मुसुक्क हाँसेका बन्धूक पुष्पले सर्वाङ्ग लाल भएका ईश्वरको दर्शन पाए । त्यही देवको काखमा वसेकी पाउमा पाउजेव पहिरेकी सानु घण्टा कटीमा पहिरेकी सबै गहनाले सिंगारिएकी दिव्यवस्त्रा धारण गरेकी सुवर्णको मेखला लगाएकी पीन स्तन भएकी फैलिएको ऊरुले राम्री मणि जडेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोतिको हारले शोभित भएकी, शंख जस्तो घांटी भएकी, चतुर्भुजा पाश अंकुश वर अभय हातमा लिएकी, दिव्य मुहार, ठूलो तीन आँखाले सुशोभित,बन्धूकको पुष्प झैं लाल स्वरूप ओठ टम्म मिलेकी माणिक जडेको कुण्डल कानमा लगाएकी अलक पत्रलेखा र आफ्नो तेजले राम्री, शिरमा बालचन्द्रधारण गरेकी, दाहिने हातले शिवलाई आलिंगन गरेकी, मुसुक्क हाँसेकी,र शक्तिले युक्त तेजले धपक्क बलेका शिवलाई देखेर ब्रह्मा, विष्णुले आफूलाई भाग्यवान् ठाने। त्यहाँपछि शक्तिले युक्त शिवलाई भक्तिपूर्वक साष्टाङ्ग प्रणाम गरे । फेरि परिक्रमा गरी अलिकति हाँसेका शक्ति सहित शिवको स्तुति गरे ।

शिव शिपिविष्ट शिवदलाई नमस्कार। शिवा शिव रूपा शिवदालाई नमस्कार । जगत्का पिता ईश्वर हजूरलाई नमस्कार । हे माता देवी जगत्की आमा भवानी हजूरलाई नमस्कार । हजूर नै प्रणव रूप हुनुहुन्छ । लज्जा रूप भएकी मात्रा रूप अर्द्धमात्रामा रहेकी हे अम्बिके हजूरलाई नमस्कार। यजमान भोक्ता भोज्य यज्ञरूप हजूरलाई नमस्कार । स्वाहा स्वधा वषट् मन्त्र वह्निरूप भएकी हजूरलाई नमस्कार । यस्तो स्तुति सुनेर शक्तिले युक्त भएका शिवले ब्रह्मा–विष्णुलाई पानीवाट त्यो तेजिलो आधा धनुको प्रमाण लिङ्गको स्तम्भ संस्कार गरी (खिची) पञ्चवक्त्र धारण गरेर आफ्नो लिङ्गको दर्शन दिनु भयो । ब्रह्मा–विष्णुको स्तुतिले खुशी भएका ज्वाला माली ईश्वरलाई आफ्नो वाहुले आलिङ्गन गरी भवानीले हात जोडिन् । अनि पाँचमुख भएका जपमाला अमृतपूर्ण घडा लिएका चौकी (पीठिका) मा विराजमान लिङ्गको ब्रह्मा–विष्णुले दर्शन पाए । नागको गहना पहिरेको घांटीमा नाग लगाएको सर्पको कंकण, वाजुले भूषित,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्र–सूर्य, अग्नि रूप तीन नेत्र भएको जटा जूटमा चन्द्रमा राखेको आफ्नो सगुणरूप ती दुइ देवलाई दर्शन दिंदै वरदान दिन निर्गुण रूप पनि बताउनु भयो । श्री ईश्वरले भन्नु भयो– म सर्वस्वरूप छु । म अगोचर छु । मेरो भक्ति नगर्ने असत् मानिसको तमो गुणमा आश्रित मनले अन्धोले बत्ती नदेखे झैं मलाई देख्न सक्तैन । म कारण छु । सर्वस्वरूप म आत्मा छु । सबै प्राणीको हृदयारविन्दमा रहेको छु । म भक्तिमा डुबेका मानिसको चित्तरागलाई हटाउँछु । मानिसको मनमा वसी म प्रेरणा गर्छु । म मन बुद्धि चित्त अभिमान स्वरूप छु । मानिसहरूको कार्यमा २६ तत्त्वले रजो गुण भइरहन्छु। पर ज्योति स्वरूप भए तापनि अविद्याले आश्रित सुख दुःखात्मक प्राणीको अनिर्लेप तेजःस्वरूप आत्मा मै हुँ । पहिले गरेका पाप पुण्यको फलले सुख दुःख नाना किसिमको भोग म नै दिलाउँछु । आफ्ना कर्मको फल भोग रक्षा गर्छु यदि अधर्मदेखि हट्यो भने । मनुष्यहरूले पूर्वजन्ममा गरेको कर्म त्याग गर्न मेरो भक्ति गर्दै सद्विद्याको आश्रय गर्दछ भने त्यो श्रेष्ठ हो, मेरो भक्तिले हीन कुकर्ममा लागेको असत्यको भाडो यदि छ भने त्यो नीच हो । तीनै थरिका मनुष्यले एकै वाक्यले मालिक भएको मलाई हे शिव हे ईश्वर भन्दै जप्छ भने त्यागी हुन नसक्ने रागी नै भए पनि विषयको महान् पीडालाई जितेर कल्याणदायक कसैले जित्न नसकिने अविनाशी शिव सायुज्यमा प्राप्त हुन्छ। पूर्व कर्मका कारणले मात्र दुःख पाएका मेरो अंशांशको लेश मात्र भिन्न भएका नरकमा गिर्न तयार परेका क्षुद्रजीव भए पनि एक पटक मात्र शुद्ध हृदयले मलाई संझन्छन् भने स्वर्गको भोग गर्न पाउँछ। छोटो आयु भएका यज्ञ दान धर्मले हीन हुनेछन् र ब्रह्मा, कृष्ण म हामीहरूलाई छाडेर अन्त नै लोभिन्छन् तसर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूको मेरो अंश भएका यमदूतले सबै हेर्नेछन् । मेरो दशांश तेज लिएर अग्नि,वायु, पृथ्वी, चन्द्र, सूर्य, वरुण रहेका छन् यसमा मै प्रमाण छु मेरो इच्छाले हरण गर्न सक्छु । सबैको देशमा रहेको तेजिलो अच्युत यो मेरो रूपलाई तिमीहरू संधैं जान ।

श्रीवटुकभैरवस्तव

कैलासको चुचुरामा बसेका देवकादेव जगद्गुरु परमेश्वर शङ्करलाई पार्वतीले सोध्नु भयो । ।।१।।

श्री पार्वतीले भन्नुभयो–हे भगवान्, हे सबै धर्म जान्ने, सबै शास्त्र आगम शास्त्रहरूमा आपत् नाश गर्ने मानिसलाई सबै सिद्धिदिने मन्त्र आज्ञागर्नु होस् । ।।२।।

सबै प्राणीको हित मैले चाहेको छु । खास गरेर राजाहरूको शान्ति पुष्ठि इच्छा गरेको छु । ।।३।।

हे देव ! अङ्गन्यास, करन्यास, बीजन्यासले युक्त भएको मेरो खुशी बढाउने मन्त्र आज्ञाहोस् । ।।४।।

श्री भगवान् भन्नुहुन्छ–हे देवी ! आपत् नाशगर्नामा कारण भएको सबै दु:ख शान्त गर्ने ,सबै शत्रुनाशगर्ने महामन्त्र सुन ।।५।।

हे प्रिय ! यो मन्त्रराजको स्मरणमात्रले अपस्मारादिरोग र खास गरेर ज्वरादिको नाश हुन्छ । ।।६।।

ग्रह र राजभयलाई नाश गर्ने सुख बढाउने सबैको सार मन्त्र स्नेहले तिमीलाई भन्दछु । ।।७।।

सबै इच्छादिने, राज्य, भोगदिने मानिसको आपत् नाशगर्ने मन्त्र विशेष गरेर तिमिलाई भन्दछु । ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ ह्रीँ वं वटुकाय आपदुद्धारणाय कुरुकुरु वटुकाय ह्रीँ ।

यो मन्त्रोद्धार तीनलोकमा पनि दुर्लभ छ । सवै शक्तिले युक्त भएको यो मन्त्र प्रकाश न गर्नू । ॥११॥

यो मन्त्र स्मरण गर्नाले नै भूत, प्रेत, पिशाचहरू भयले पीडित भई काल स्वरूप रुद्रदेखि प्रजा झैं भाग्दछन् । ॥१२॥

स्वयं पाठ गर्नाले अथवा पाठ गराउनाले वा पुस्तकको पूजा गर्नाले अग्नि, चोर, राजाहरूदेखि डर हुँदैन । ग्रह राजा त्यस्तै मारीभय, भूतभय शत्रुभय हुँदैन । सर्वत्र सुखी हुन्छ । १३॥–१४॥

पुस्तकको पूजा गर्नाले मात्र आयु, आरोग्य, ऐश्वर्य, पुत्र–पौत्र सम्पत्तिहरू हुन्छन् । ॥१५॥

पार्वती भन्नु हुन्छ–हे देव जो यो आपत् नाशगर्ने भैरव नाम गरेको उत्तम कल्प हजूरले वताउनु भयो तिनको हजार दश हजार अर्वुद नामबाट सार झिकी १०८ नाम वताउनुहोस् । ॥१६॥

श्री भगवान् भन्नु हुन्छ–जसले सवै दुष्ट नाशगर्ने यो कीर्तन गर्ला त्यसले सवै इच्छा पाउला । साधकले सिद्धि पाउला । ॥१७॥

हे देवी सुन ! आपत् उद्धार गर्ने महात्मा भैरवको १०८ नाम बताउँछु । ॥१८॥

सवै पापनाश गर्ने पवित्र सवै आपत् हटाउने, सवै इच्छा दिने साधकलाई सुखदिने १०८ नाम भन्दछु । ॥१९॥

पहिले स्थिर चित्त गरी देहन्यास र अङ्गन्यास गर्नू । भैरवलाई शिरमा, निधारमा भीम दर्शनलाई न्यासगर्नू । ॥२०॥

दुइ आँखामा भूताश्रय, मुखमा तीक्ष्णदर्शन, दुइकानको बीचमा क्षेत्रप, हृदयमा क्षेत्रपालको न्यासगर्नू । ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाभिमा क्षेत्र, कटिमा सर्वाघनाशन, ऊरूमा त्रिनेत्र, जाँघमा रक्तपाणिको न्यास गर्नू । ॥२२॥

दुइ पाउमा देवदेवेश, सर्वाङ्गमा वटुकको न्यास गर्नू । यस्तो न्यास गरिसकेपछि एक चित्त लगाई १०८ नामको स्तोत्र पाठगर्नू । १०८ नाम भएको यो स्तोत्रको छन्द अनुष्टुप् बताइएको छ । ॥२३–२४॥

बृहदारण्यक ऋषि, वटुकभैरव देवता भनिएको छ सवै काम अर्थसिद्धिका निमित्त विनियोग गर्नुपर्छ । ॥२५॥

२६ श्लोक देखि ३८॥ श्लोकसम्म वटुकभैरवको १०८ नाम हो ।

महात्मा भैरवको रहस्य सवै मनोरथ दिने १०८ नाम हे देवी ! मैले तिमीलाई वताएँ । जसले १०८ नाम भएको यो स्तोत्र पाठ गर्छ त्यसको पाप नाश हुन्छ रोगबाट भय पनि हुँदैन । शत्रुको पनि कहीं डर हुँदैन । ॥४१॥

एकाग्र गरी यो स्तोत्र पाठगर्नाले पातकको डर हुँदैन । मारी भयमा, राज भयमा चोर र अग्निको भयमा ठूलो उत्पात भएमा खरा-पस्वप्नबाट भय भएमा, महाघोर बन्धन भएमा एकाग्र चित्तले यो स्तोत्र पाठ गर्नू । ४२॥–४३॥

भैरवको कीर्तनले सवै भय नाश हुन्छ । एघार हजार पाठ गर्नाले पुरश्चरण हुन्छ । ॥४४॥

हे देवी ! प्रातः मध्याह्न सायं कालमा जसले चित्तलगाई १ वर्ष-सम्म पाठ गर्छ त्यो मानिसले दुर्लभ भएको पनि मनोरथ सिद्धिपाउँछ । ॥४५॥

पृथिवी पाउन इच्छा गर्नले ६ महीना पाठ गर्नाले पृथिवी पाउँछ । राजाको शत्रु नाशगर्न विद्वान्ले ८ महीना पाठ गर्नू । ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रातित ३ आवृत्ति पाठ गर्नाले शत्रु नाश हुन्छ। तीन महीना पाठ गरेमा राजालाई वश गर्न सक्छ। ॥४०॥

धन, छोरा, स्त्री इच्छा गर्ने मानिसले रोज तीन आवृत्ति वा राति १ आवृत्ति पाठगर्‍यो भने धन, पुत्र, स्त्री पाउँछ सन्देह छैन। रोगी रोगबाट मुक्त हुन्छ। बन्धनमा परेको वन्धनबाट, भयबाट मुक्त हुन्छ। हे! देवी संदेह छैन। जुन जुन इच्छा गर्छ त्योपाउँछ। ॥४६–४६–५०

यो गुह्य प्रकाश न गर्नू। जो कोहीलाई न दिनू। असल कुलीन शान्त, सोझो, कपट नभएको लाई अथवा प्रिय शिष्य, पुत्र मित्रलाई सवै मनोरथ पूरा गर्ने यो पुण्य स्तोत्र दिनू। ५१–५२

जुन ध्यान् गरी पाठ गर्नुपर्छ त्यो भैरव देवको ध्यान भन्दछु। शुद्ध स्फटिक जस्तो वर्ण भएका हजार सूर्यजस्तो तेजिला, आठ हात भएका, तीन आँखा, चार बाहु, दुइ बाहु भएका तथा सर्पको मेखला लाएका, पहेंलो केश भएका, दिगम्बर, कुमारीका ईश बलवान् र एवं खट्वाङ्ग अशि पाश त्रिशूल, डमरु, कलाप वर सर्प लिएका कालो बादल जस्तो वर्ण भएका, कालो गाजलको थुप्रोको जस्तो कान्ति भएका दाह्राले डरलाग्दो मुख भएका, पाउजेव, बाजु लगाएका, आफ्नो वर्ण जस्तो कालो कुकुर लिएका बटुकभैरवको ध्यान गरेर पाठ गर्नू सबै मनोरथ पाउँछ। ॥५७॥

हातमा कपाल लिएका कुण्डल पहिरेका, दण्ड हातमा लिएका गाढ अन्धकार जस्तो काला, सर्पको जनै पहिरेका यज्ञ समयको पूजामा आइपर्ने विघ्नलाई नाश गर्ने साधकलाई सिद्धि दिने बटुकनाथ सवभन्दा ठूला छन्। ॥५८॥

तदनन्तर यो १०८ नाम सुनेपछि स्वयं पार्वती भैरवका निमित्त खुशी भइन्। ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमृत्युञ्जयस्तोत्र

तमोगुण नभएको जरा र मृत्युरहित सवै सम्पत्तिको आधार शुद्ध स्फटिक कैलाशको चुचुरोमा विराजमान सदा शिवसित नम्रताका साथ घूँडा टेकी ब्रह्माले सोध्नु भयो। हे महेशान! कुन उपायले लोमश ऋषिचिरायु भए। १–३

चराचर तीन लोकको हितका निमित्त ती चिरायु हुनाको कारण मलाई बताउनु होस्। ४॥

महादेव आज्ञा गर्नु हुन्छ। जुन कर्म गर्नाले लोमश चिरायु र व्याधि मृत्युरहित भए त्यो हे ब्रह्मन् भन्दछु सुन ५॥

त्यो डरलाग्दो पानीले भरिएको एकार्णवमा (समुद्रमा) यमराज-को डर नाशका निमित्त मृत्युञ्जय शिव स्तुति गरिनु भयो। ६॥

तिनको नित्य कीर्तन गर्नाले लोमश मुनि मृत्युरहित भए। हे ब्रह्मन् मृत्यु जित्न तिनैको कीर्तन गर। ७॥

शुद्ध श्वेत निर्मल, वयल माथि सवार गर्ने, जपमाला त्रिशूल कुम्भ वर अभय शक्ति हातमा लिएका त्रिनेत्र मृत्युञ्जयलाई, जप मन्त्र बली कुसुम धूपहरूले पूजा गरी नमस्कार गरेर मृत्युको भयलाई हरण गर्ने यो स्तोत्र पाठ गर्दछु। ८॥

हे देवाधिदेवेश सवै प्राणिहरूमा श्रेष्ठ हजूरलाई नमस्कार। प्राणीहरूका पनि हजूर नाथ हुनु हुन्छ हे मृत्युञ्जय नमस्कार। ९॥

हे मृत्युञ्जय हजूर प्राणीको जीवभूत हुनुहुन्छ। जीव जीवको कारण छ। जगत्को रक्षा गर्ने हजूरलाई नमस्कार। १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमालयको चुचुरो जस्तो सेतो कान्ति भएका अमृतको तरङ्ग झैं मनोहर सेतो कमल जस्तो कान्ति भएका हे मृत्युञ्जय हजूरलाई नमस्कार । ११

नागको हार लगाएका अति बुद्धिमान् सबै ज्ञानको एक कारण लोकको रक्षा गर्ने हे मृत्युञ्जय हजूरलाई नमस्कार । १२

जुन कालले देव, असुर, मनुष्य गन्धर्व अप्सरा सिद्ध विद्याधर उरग (सर्प) साध्य अष्टवसु रुद्र अश्विनीकुमार हावा दिशा नाग स्थावर जङ्गमका प्राणीहरूलाई नाश गऱ्यो तिनीहरू पनि हजूरको ध्यानले बाँचे । हे मृत्युञ्जय हजूरलाई नमस्कार । १३-१६

वेदमा हजूर ॐकार देवताहरूमा सदाशिव शक्तिहरूमा आधार शक्ति हुनुहुन्छ । हे मृत्युञ्जय हजूरलाई नमस्कार । १७

स्थावर र जङ्गममा जहाँसम्म देहि (प्राणी) हरू रहन्छन् यो लोक जीवित रहन्छ यस्तो भनेको छ । हे मृत्युञ्जय हजूरलाई नमस्कार । १८

सोम, सूर्य, अग्निको बीचमा रहेका आकाशलाई ढाक्ने सदाशिव तीनै कालका महाकाल हे मृत्युञ्जय हजूरलाई नमस्कार । १९

हे देवेश ! प्रभो प्रबुद्धमा र अप्रबुद्धमा पनि सृष्टि रूपले जगत् सृष्टि गर्नु हुन्छ हे मृत्युञ्जय हजूरलाई नमस्कार । २०

हजूर आकाशमा आकाश रूप हुनुहुन्छ । सर्वत्र तेजमा तेजरूप ज्ञानीमा ज्ञानरूप हुनुहुन्छ हे मृत्युञ्जय हजूरलाई नमस्कार । २१

जगत्का जीव, जगत्का प्राण, जगत्का स्रष्टा प्रभू सबै तीर्थका कारण हे मृत्युञ्जय हजूरलाई नमस्कार । २२

तेजस्वरूप सबै इन्द्रियहरूलाई ज्ञान गराउने साँख्ययोग हंसस्वरूप हे मृत्युञ्जय हजूरलाई नमस्कार । २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपदेखि अतीत रूप पिण्डस्थपद चारयुगको कलाको आधार हे मृत्युञ्जय हजूरलाई नमस्कार । २४

रेचकमा वह्निरूप, पूरकमा सोमरूप, कुम्भकमा शिवरूप भएका हे मृत्युञ्जय हजूरलाई नमस्कार । २५

पापलाई नाश गर्ने, पुण्य बढाउने, नित्य कल्याणका कारण हे मृत्युञ्जय हजूरलाई नमस्कार । २६

हजूर प्रबोध, आधार, तीन भुवनको बीज, सत्त्व रज तम स्वरूप हे मृत्युञ्जय हजूरलाई नमस्कार । २७

हजूर सोम हजूर दिनेश हजूर प्रकृतिभन्दा परआतमा अष्टत्रिंशत्कलाको आधार हे मृत्युञ्जय हजूरलाई नमस्कार । २८

सवै इन्द्रिय गुणको आधार सवै प्राणीको गुणको आधार सर्वज्ञानमय आनन्दस्वरूप हे मृत्युञ्जय हजूरलाई नमस्कार । २९

हजूर आतमा सर्वप्रकृति गुणका अधीश्वर हुनुहुन्छ । सवै आनन्दमयको आधार हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३०

हजूर सवै यज्ञको यज्ञ हुनुहुन्छ । ज्ञानलक्षण बुद्धि हुनुहुन्छ । शव्दब्रह्म पनि हजूर हुनुहुन्छ । हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३१

सवै मायाकलाको आधार सवै इन्द्रियदेखि पर सवै इन्द्रिय गुणका मालिक हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३२

रूप, गन्ध, स्पर्श, शब्द, संस्कार यिनीहरूको चार प्रकार हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३३

चार किसिमका सृष्टिको हेतु कारणको ईश्वर हुनुहुन्छ । भाव र अभावले अपरिछिन्न हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३४॥

हजूर आदि अनन्त नित्य र अनित्य पनि हजूर । हे देवेश शक्ति पनि हजूर हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजूर एक निष्कल (कलारहित) देव सबै तीन भुवन अति सूक्ष्म अतिरूप हुनुहुन्छ । हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३६॥

अनन्त कान्तियुक्त अनेक आसनमा रहेका अनन्त शक्ति संभोग गर्ने हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३७॥

व्यक्त र अव्यक्त स्वरूपले अनन्त विश्वलाई ढाकेका विश्वस्वरूप विश्वात्मा हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३८॥

हजूर हाम्रो परम विद्या, परमगति, कारणं, कर्म हुनुहुन्छ । हे मृत्युञ्जय हजूरलाई नमस्कार । ३९॥

दुःखहरू नाश गर्ने, सबै लोक सृष्टि गर्ने, भुक्ति मुक्ति दिने हजूर । हे मृत्युञ्जय हजूरलाई नमस्कार । ४०

हजूर प्रकृतिको आदिपुरुष, ईश, परम शिव, प्रजाहरूको आधार हे मृत्युञ्जय ! नमस्कार । ४१॥

यसरी पवित्र भई एकाग्र चित्तले जसले कीर्तन गर्ला, भक्तिपूर्वक जसले सुन्ला हे ब्रह्मन् त्यो मृत्युको वशमा पर्नेछैन । ४२

त्यसलाई अल्पमृत्युको भय हुँदैन । चिरकालसम्म बाँच्तछ । व्याधिहरू र दुःखहरू हुँदैनन् ।

मृत्यु अति नजीक आएको समय शय आवृत्ति पाठ गरेमा त्यसलाई मृत्युले केही गर्न सक्तैन । रोगले पनि छोड्छ । ४४

पञ्चमी, दशमी, पौर्णमासीमा जसले शय आवृत्ति पाठ गर्छ त्यो शय वर्ष बाँच्तछ । ४५

हंसयोगी देवको यो परम रहस्यले दुःस्वप्न र सर्वारिष्ट विनाश गर्छ । ४७

नित्य सुस्वप्नबर्धक छ । सबै दुष्कृत र पाप नाश गर्छ । सर्वपापबाट मुक्त भई शिवलोकमा पुग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शयवर्षसम्म पुत्र–पौत्रले मुक्त भई जीवित रहन्छ। उत्तम विप्र र उत्तम पुरुष हुन्छ। ४८

मृत्युञ्जयको जपले चिरकालसम्म जीवित रहन्छ। सात जन्ममा गरेको पापबाट मुक्त हुन्छ। यसमा सन्देह छैन। ४९।

श्रीसप्तश्लोकीगीता

ॐ यो एकाक्षर ब्रह्म उच्चारण गरी मेरो स्मरण गर्दै जसले देह त्यागदछ त्यो परमगतिमा पुग्दछ। १

हे हृषीकेश हजूरको कीर्तनले जगत् खुशी हुन्छ अनुरक्त हुन्छ। डराएका राक्षसहरू (कुकर्म गर्नेहरू) दश दिशामा भाग्दछन्। सबै सिद्ध समूहहरू नमस्कार गर्दछन्। २

सबैतिर पाणि र पाउ भएका सबैतिर नेत्र शिर मुख भएका सबैतिर कान भएका ती लोकमा सबै ढाकेर रहेका छन्। ३

कवि पुराण शासन गर्ने अणु भन्दा पनि अणु सबैका धाता (सृष्टि गर्ने) चिताइ नसक्ने स्वरूप भएका तमोगुण देखि पर रहेका सूर्य जस्ता तेजिलाको स्मरण गर्नू। ४

माथि मूल तल हाँगा भएको अश्वत्थ (पिपल) लाई अव्यय भन्दछन्। जसको पात छन्द (वेद) छ। जसले त्यो वस्तु जान्दछ त्यो वेद जान्ने हुन्छ। ५

सबैको हृदयमा म वसेको छु। मबाट स्मृति ज्ञान अपोहन हुन्छ। सबै वेदले मलाई थाहा पाउनु भन्दछ। वेदान्त बनाउने र वेद जान्ने पनि म नै हुँ। ६

ममा मन लगाउ। मेरो भक्त भई मेरो पूजा गरेर मलाई नमस्कार गर। ममा लागेमा मलाई नै पाउने छौ। ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तश्लोकी दुर्गास्तुति

शिव भन्नुहुन्छ हे देवी (भवतले पाइने सवै काम गरिदिने) कलियुगमा कार्यसिद्धिका निश्चित यत्नले उपाय भन ।

हे देवी सुन कलीयुगमा सवै इष्टसाधन म भन्दछु । म तपाइँको नै स्नेहले अम्बाको स्तुति प्रकाश गर्दछु ।

भगवती ती देवी महामाया ज्ञानीहरूको पनि चित्त आकर्षण गरी मोह गर्नु हुन्छ । १

हे दुर्गे हजूरलाई स्मरण गरेमा सवै जन्तुको भय हरिदिनु हुन्छ । स्वस्थ चित्तले स्मरण गरेमा अति कल्याणकारी बुद्धि दिनु हुन्छ । सवैको उपकार गर्न सँधै आर्द्रचित्त भएकी हजूर बाहेक दारिद्र्य दुःख हरिदिने अरू कोही पनि छैन । २

सवै मङ्गलको मङ्गल भएकी सवै अर्थ सिद्ध गरिदिने शरण लिने तीन आँखा भएकी हे गौरी नारायणी हजूरलाई नमस्कार । ३

शरणमा आएका दीनको परित्राणमा लागिरहने सवैको दुःख नाश गर्ने हे देवी नारायणी हजूरलाई नमस्कार । ४

सर्वस्वरूप, सवैको मालिक, सवै शक्तिले युक्त हे देवी हामीलाई भयदेखि बचाउनुहोस् । हे दुर्गे देवी हजूरलाई नमस्कार । ५

खुशी हुनु भए सवै रोगलाई नाश गर्नुहुन्छ । रिसाउनु भए सवै अभीष्ट मनोरथ नाश गर्नुहुन्छ । हजूरको आश्रय गर्ने मानिसलाई आपत आइपर्दैन । हजूरको आश्रित गर्नेहरू अरूको आश्रय हुन्छन् । ६

हे सवैको ईश्वरी ! तीन लोकको सवै बाधा शान्ति गर्नुहोस् । यसै गरी हजूरले हाम्रो वैरीको विनाश गरिदिनु होस् । ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीदेव्यथर्वशीर्षम्

महादेवीले-भन्नु भयो । म ब्रह्मस्वरूपिणी छु मबाट प्रकृति पुरुषात्मक जगत् सृष्टि भयो ।

मन्त्रहरूको मातृका देवी, शब्द मध्यमा, ज्ञानरूपिणी, ज्ञानका मध्यमा ज्ञान रूपिणी, ज्ञानका मध्यमा चिन्मय, शून्यहरूमा शून्यको साक्षिणी भएकी जसदेखि अर्को श्रेष्ट छैन ती यी दुर्गा भनिएकीछन् ती दुर्गम (जान्न नसकिने) दुराचार नाश गर्ने संसाररूपी समुद्र देखिन् पार गरि दिने दुर्गादेवीलाई संसारदेखि डराएको म नमस्कार गर्छु ।

जो सबै शास्त्रको सिद्धान्तछ जो सबैको हृदयमा अनुगत (रहेको) छ जो सर्वस्वरूपछ जो सबैमा रहेकोछ । त्यो चित्तत्त्व उपासना गर्छौं ।

समाप्तम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गणेशायनमः । श्री गुरवे दक्षिणामूर्तये नमः ।

श्री हर उवाच ।

ब्रह्मस्थानसरोजरत्नविलसच्छान्तस्वरूपस्थितं
स्फूर्जत्सूर्यरुचिं वराभयकरं कर्पूरकुन्दोज्वलम् ॥
श्वेतस्रग्वसनानुलेपनयुतं विद्युद्युता कान्तया
संश्लिष्टार्द्धतनुं प्रसन्नवदनं वन्दे गुरुं सागरम् ॥१॥

मोहध्वान्तमहान्धविग्रहवतां चक्षूंषि चोन्मीलयन्
यश्चक्रे रुचिराणि तानि दयया ज्ञानाञ्जनान्यञ्जनैः ॥
व्याप्तं ज्ञानमयं जगत्त्रयमयं तत्त्वप्रबोधोदयं
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ॥२॥

मातङ्गी भुवनेश्वरी च वगला धूमावती भैरवी
तारा छिन्नशिरोधरा भगवती श्यामा रमा सुन्दरी ॥
दातुं न प्रभवन्ति वाञ्छितफलं यस्य प्रसादं विना
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशी-द्वारवती-प्रयाग-मथुराऽयोध्या-गयाऽवन्तिका-
मायापुष्कर-काञ्चि-कोशलपुरी-श्रीशैलविन्ध्यादयः ।।
नैते तारयितुं भवन्ति कुशला यस्य प्रसादं विना
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ।।४।।

रेवा-सिन्धु-सरस्वती-त्रिपथगा-सूर्यात्मजा-कौशिकी
गंगासागरसंगमाद्रितनया-गोदा च चर्मण्वती ।।
नालं प्रोक्तफलप्रदानविषये यस्य प्रसादं विना
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ।।५।।

सत्कीर्तिं विमलं यशः सुकविता पाण्डित्यमारोगिता
वादे वाक्पटुता कुले चतुरता गाम्भीर्यमक्षोभिता ।।
प्रागल्भ्यं प्रभुता गुणे निपुणता यस्य प्रसादं विना
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ।।६।।

लोकेशोहरिरम्बिका स्मरहरो माता पिताऽभ्यागताः
आचार्याः कुलपूजिता यतिवरा विप्रास्तथा भिक्षुकाः ।।
नैते यस्य तुलां व्रजन्ति कलया कारुण्यवारांनिधि
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानं दैवतपूजनं जपतपोदानाग्निहोत्रादयः
पाठो होमनिषेवणं पितृमखा अभ्यागतार्चाबलिः ॥
एते व्यर्थफला भवन्ति नियतं यस्य प्रसादं विना
तं वन्दे शिवरूपिणं निजगुरुं सर्वार्थसिद्धिप्रदम् ॥८॥

यः पूर्वाभिमुखः कृताञ्जलिपुटः श्लोकाष्टकं वै पठेत्
पौरश्चर्यविधिं विनापि लभते मन्त्रस्य सिद्धिं पराम् ॥
नो विघ्नैः परिभूयते प्रतिदिनं प्राप्नोति पूजाफलम्
देहान्ते परमं पदं च लभते यद्योगिनां दुर्लभम् ॥९॥

सारात्सारतरं प्रकाशितमिदं स्वान्तः स्थितं श्रीगुरुं
नेपाले शिवशक्तिमण्डलयुते कैलाशचिन्तामणौ ॥
सर्वेषाञ्च प्रधानपूजितगुरुं सर्वार्थसिद्धिप्रदं
यत्कर्तव्यपदार्थसर्वविषये चादौ गुरुं चिन्तयेत् ॥१०॥

इतिश्री वामकेश्वरतन्त्रे हरगौरीसंवादे श्रीदक्षिणामूर्तिगुरुस्तवराजः समाप्तः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रकः— श्री ५ को सरकारको छापाखाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu